(ख) कृषि, उद्योग, सेवा, ब्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाब्य देखिएका उत्पदानशील व्यवसायको स्थापना, विकास, बिस्तार र क्षमता एवम् उत्पादकत्व बृद्धिका लागि आवश्यक बैकिङ्ग/वित्तिय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुर्‍याउने,

(ग) उपलब्ध सीप, श्रम तथा पूंजीलाई उचित रुपमा परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवं रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवं प्रबर्धन गर्न र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा ब्यवस्थापकिय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागी सक्रिय रुपमा संलग्न भई सहयोग पुर्‍याउने,

(घ) बैकिङ्ग सेवामा जोखिम कम गर्दै बैकिङ्ग क्षेत्रको उदारीकरणमा मद्धत पुर्‍याई देशको अर्थतन्त्रलाई सबल तथा सुदृढ बनाउन सहयोग पुर्‍याउने,

(ङ) देशको समग्र वित्तीय प्रणाली प्रति सर्वसाधारणको विश्वासनीयता अभिवृद्धि गर्ने सहयोग पुर्‍याउने,

(च) वित्तीय मध्यस्थता सम्बन्धी विविध कारोवार सञ्चालन गर्ने,

(छ) संस्थागत बिमा अभिकर्ताको रुपमा कार्य गर्ने ।

बैंकले प्रदान गरेको नगद लाभाशं तथा बोनश सेयर निम्नानुसार रहेको छ ।

| क.स. | आर्थिक बर्ष | नगद लाभाशं | बोनश सेयर | जम्मा |
|---|---|---|---|---|
| १ | २०७५□७६ | १२.००% | ० | १२.००% |

आार्थिक बर्ष २०७६□७७ को खुद नाफाबाट बैंकको चुक्ता पुँजीको ३.५ % नगद लाभाशं र ३.५ % बोनश शेयर प्रस्ताव गरेको ।

**(६) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) :**

आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको पूर्ण स्वामित्व भएको एक सहायक कम्पनी हो । आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड नेपाल सरकार, उद्योग मन्त्रालय अन्तर्गत कम्पनी रजिष्ट्रारको कार्यलयमा संवत २०७२ साल माघ १५ गते दर्ता नं. १४४६०९।०७२।०७३ मा दर्ता भएको कम्पनी हो । यो कम्पनी आन्तरिक राजश्व कार्यालय तथा करदाता सेवा कार्यालय त्रिपुरेश्वरमा स्थायी लेखा नं.६०३५८६१४९ मा दर्ता भएको छ ।आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेडको मूख्य उद्देश्य धितोपत्र सम्बन्धी ऐन, २०६३ वा प्रचलित कानुनद्धारा परिभाषित धितोपत्र निष्काशन गर्न सक्ने कम्पनी वा अन्य संगठित संस्थाको धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक, शेयर रजिष्ट्रार, लगानी व्यवस्थापक तथा धितोपत्रको प्रत्याभूतिका कार्यहरु र लगानीका लागि विशेषज्ञ सेवा उपलब्ध गराउने रहेको छ ।

**कम्पनीको उद्देश्य :**

क) धितोपत्र निष्काशनका लागी विवरण पत्र, बिक्री सम्बन्धी प्रस्ताव तथा अन्य विवरण तयार गर्ने लगायत धितोपत्रको निष्काशन तथा बिक्री प्रबन्धक सम्बन्धी आवश्यक सबै कार्यहरु गर्ने ,

ख) संगठित संस्थासँग सम्झौता गरी संगठित संस्थाले निष्काशन गरेको धितोपत्र बिक्री नभएको अवस्थामा आफूले खरिद गर्न प्रत्याभूति ( अण्डरराईटिङ) दिने कार्य गर्ने,

ग) संगठित संस्थाको तर्फबाट धितोपत्रधनीहरुको अभिलेख राख्ने तथा धितोपत्रहरुको नामसारी लगायत शेयर रजिष्ट्रेशन सम्बन्धी अन्य सेवा प्रदान गर्ने शेयर रजिष्ट्रारको कार्य गर्ने,

घ) ग्राहकसँग सम्झौता गरी ग्राहकका लागि लगानी व्यवस्थापन सम्बन्धी कार्य गर्ने ,

**(७) अन्य विवरणहरु :**

(१) **संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु :**

बैंकले प्रदान गर्ने मूख्य सेवाहरुमा निक्षेप संकलन तथा परिचालन, कर्जा प्रवाह, रकमान्तर, रेमिट्यान्स, एजेन्सी सेवा, ट्रेजरी लगानी तथा व्यवस्थापन, बैंक ग्यारेन्टी र एलसी जस्ता गैरकोषमा आधारित कारोवार तथा बिभिन्न माध्यमबाट प्रदान गर्ने बैंकका अन्य बैंकिङ्ग सेवाहरु रहेका छन् । बैंकले आफ्नो सम्पूर्ण सम्पत्ति तथा दायित्वको उचित व्यवस्थापन गर्दै आएको छ ।

(२) **प्रयोग भएको वा गरिने प्रविधि :**

बैंक सेवा प्रदायक कम्पनी भएकोले माथि खण्ड (क) मा उल्लेखित सेवा प्रदान गर्न आवश्यक प्रविधि।

(३) **कुनै ब्राण्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार :**

सो नभएको ।

(४) **संगठित संस्थाले ओगटेको बजार क्षेत्र:**

नेपाल राष्ट्र बैंकको २०७७ आषाढ मसान्तको तथ्याङ्क अनुसार बैकिग क्षेत्रको कूल निक्षेप (विदेशी मुद्राको निक्षेप सहित) को ५.९२% हिस्सा बैंकको

रहेको छ । साथै, कर्जा तथा सापट अन्तर्गत हालसम्म बैंकले बैकिग क्षेत्रको कूल कर्जाको ४.७९% हिस्सा ओगटेको छ ।

(५) **नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना:**

समय सापेक्ष नयाँ उत्पादन तथा वित्तीय सेवाको विकास गरी सम्भाव्य ग्राहकहरुको पहिचान गरेर आफ्नो व्यवसाय विस्तार गर्ने योजना रहेको छ ।

(६) **उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका :**

बैंकको प्रमुख बजार नेपाल राज्यभर रहेको छ र हरेक वर्गका ग्राहकको आवश्यकता अनुरुप सेवाहरु उपलब्ध गराउँदै जाने बैंकको लक्ष्य रहेको छ ।

(७) **उत्पादन/संचालन क्षमता र सो को उपभोग स्थिति :**

बैकिङ्ग क्षेत्रमा लामो अनुभव हासिल गर्नु भएका संचालक/व्यवस्थापन दक्षताको आधारमा यस कम्पनीले स्थापनाकाल देखि नै बजारको राम्रो हिस्सा ओगट्न र ग्राहकलाई राम्रो सुविधा प्रदान गर्न सफल रहेको छ।

(८) **कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता :**

बैंकको कर्जा, लगानी तथा तरलताको श्रोत भनेको स्वदेशी तथा बिदेशी मुद्रामा संकलन हुने व्यक्तिगत तथा संस्थागत निक्षेप को रुपमा रहने बचत, चल्ती तथा मुद्दती निक्षेप नै हो । नेपाल राष्ट्र बैंकको पछिल्लो तथ्यांङ्क बमोजिम नेपालको ३९ प्रतिशत जनसंख्यामा बित्तीय पहुच पुगेको छैन । बित्तीय पहुच पुगेको ठाउहरुमा श्रोतको लागि प्रतिशप्रर्धा बढ्दो छ भने बित्तीय पहुच बृद्धि गर्दै निक्षेप तथा कर्जा लगानी गर्न सक्ने अवसरहरु प्रसस्तै छन् ।

(९) **गुण नियन्त्रणको लागि गरिएको व्यवस्था :**

स्तरीय बैंकिङ्ग सेवा प्रदान गर्नका लागि ब्रान्च अपरेसन बिभाग (Branch Operation Department) स्थापना गरी कार्यालयले प्रदान गरको सेवाको अनुगमन गर्नका साथै ग्राहक गुनासो सुनुवाई डेस्कको समेत व्यवस्था रहेको छ । साथै बैंकको गुणस्तर तथा आन्तरीक जोखिम नियन्त्रणका लागि जोखिम व्यवस्थापन बिभाग, आन्तरीक लेखापरिक्षण विभागको व्यवस्था गरी सो विभागहरु मार्फत पनि बैंकले प्रदान गर्ने सेवा तथा अन्तरनिहीत जोखिम नियन्त्रण गर्ने कार्य गरिन्छ । बैंकका प्रदेश कार्यालयहरु तथा केन्द्रीय कार्यालयबाट संस्थागत सुशासन तथा सेवाको गुणस्तर अभिबृद्धि गर्न निरीक्षण/अनुगमन समेत गर्ने गरिएको छ ।

(१०) **अनुसन्धान तथा विकास :**

नेपालको बैंकिङ्ग तथा वित्तीय क्षेत्रमा प्रतिस्पर्धात्मक स्थिति रहेको आजको पृष्ठभूमीमा बैंकले अनुसन्धान तथा विकासलाई उच्च प्राथमिकताका साथ अघि बढाईरहेको छ । बैंकमा उक्त कार्यको लागि योजना, अनुसन्धान तथा व्यवस्थापन बिभाग गठन गरिएको छ ।

(११) **विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको वाधा,व्यवधान :**

COVID-19 को कारण बन्दाबन्दीको अवस्थामा सिमित बैंकिङ्ग संचालन भएका कारण परेको असर बाहेक अन्य नरहेको ।

(१२) **मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण:**

बैंकमा सुमधुर औद्योगिक सम्बन्ध रहेको साथै विगतमा मजदुर संगठन संग कुनै प्रकारको उल्लेख्य औद्योगिक विवाद नरहेको ।

(१३) **बजार प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति :**

अत्यधिक प्रतिस्पर्धी रहेको हालको बैंकिङ्ग बजारमा सफलता पूर्वक आफ्नो पहिचान स्थापित गरी गुणस्तरीय बैंकिङ्ग व्यवसाय संचालन गरिरहेको । यस सम्बन्धमा बैंकको हालसम्मको प्रगति विवरण लगायत वर्तमान बजारमा बैंकको अवस्थाको पुष्टि बैंकको२०७७ आषाढ मसान्त सम्मको वित्तीय विवरणबाट स्पष्ट रुपमा देखिएको छ ।

**२०७७ आषाढ मसान्तमा यस बैकको बजार हिस्सा देहाय बमोजिम रहेको छ :**

| क्र.सं. | विवरण | २७ वाणिज्य बैंकमा यस बैंकको हिस्सा | समग्र बजारमा बैंकको हिस्सा |
|---|---|---|---|
| १. | निक्षेप संकलन | ६.६८ % | ५.९२ % |
| २. | कर्जा तथा सापटी | ५.३९ % | ४.७९ % |
| ३. | खुद मुनाफा | ८.१९% | ६.०६% |
| ४. | व्याज आम्दानी | ५.२७ % | ४.९५ % |
| ५. | सञ्चालन मुनाफा | ९.५८% | ८.८८ % |

(१४) **प्रमुख ग्राहकहरुको विवरण (जस्तै–संस्थाको कुल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत्सम्बन्धी विवरण । ) :**

सो नभएको ।

(१५) **प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै–संस्थाको कुल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण :** सो नभएको ।

**(ख) सम्पत्तिको विवरण :**

**(१) संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था :**

| स्थिर सम्पत्ति तथा उपकरणको विवरण | आ.व.२०७६/०७७ (रु.हजारमा) | सम्पत्ति रहेको स्थानहरु | सम्पत्तिको अवस्था |
|---|---|---|---|
| जग्गा | १,८८,८२८ | नेपालभर बिभिन्न स्थानहरुमा जस्तै बैंकको केन्द्रीय कार्यालय, प्रादेशिक कार्यालय, शाखा कार्यालय तथा बैंकले कारोबार गर्ने अन्य स्थानहरुमा समेत रहेको । | सम्पूर्ण सम्पत्तिहरु बैंकको प्रयोगमा रहेको । जग्गाको हकमा अधिकांश स्थानमा बैंकको भवनहरु रहेको,केही स्थानहरुमा भवन निर्माण चालु रहेको,केही स्थानमा निर्माण योजना रहेको र सम्पूर्ण जग्गाहरुको उचित प्रयोग तथा व्यवस्थापनको योजना रहेको । |
| भवन | ५,३०,११८ | | |
| कम्प्युटर र एसोसेरिज | १,२५२०० | | |
| परिवहन साधन | २,५१,०७८ | | |
| फनिर्चर र फिक्चर | ९८,३७४ | | |
| अन्य उपकरणहरु | २,८५,२९६ | | |
| सफ्टवेयर | ४२,८८७ | | |
| **जम्मा स्थिर सम्पत्ति तथा उपकरण** | **१५,२१,७८१** | | |

माथि उल्लेखित स्थिर सम्पत्ति तथा उपकरणको विबरण २०७७ आषाढ मसान्तसम्मको ह्रासकट्टी गरी बांकी रहेको खुद कितावी मुल्यमा उल्लेख

गरिएको छ । सम्पुर्ण अन्य सम्पत्तिको विवरण बैंकको वित्तीय विवरणहरुमा उल्लेख गरिएको छ ।

(२) **बुँदा (१) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि (मिति समेत उल्लेख गर्नु पर्ने)** : उक्त बुँदामा उल्लेखित सम्पत्ति कम्पनीको आफ्नै स्वामित्वको हो ।

(३) **यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण:** सो नभएको ।

(४) **विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको कितावी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरण :** सो नभएको ।

(५) **सम्पत्तिको मूल्यांकन गरिएको तरीका सम्बन्धी विवरण :**
बैंकको वित्तीय विवरणहरुमा समावेश जग्गा भवन तथा उपकरण र सम्पत्तिको पुन मूल्याङकन गरिएको छैन । यस कम्पनीले गरेका कर्जा, ट्रेजरी लगानीहरु तथा अन्य सम्पत्तहरुको मुल्यांकन नेपाल वित्तीय प्रतिवेदन मान बमोजिम (Fair Value) मा गरिएको छ ।

**(ग) भावी योजना तथा रणनीतिः**

**(१) व्यवसाय/सेवाको बृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीतिः**

**क) नयाँ उत्पादन तथा सेवाहरु :**
आफ्ना ग्राहकवर्गको आवश्यकता र अपेक्षालाई दृष्टिगत गरी तद्अनुरुप सेवा पुऱ्याउन र प्रतिस्प्रर्धी बीच आफनो छुट्टै पहिचान बनाउन बैंकको संचालक समितिले मिति २०७७।०३।१७ गते आगामी ५ वर्षको बैंकको Strategic Plan 2020–2025 तर्जुमा गरी लागू गरेको छ । आगामी ५ वर्षमा बैंकको Business Process Reengineering (BPR) गरी बैंकको रणनैतिक योजना बमोजिम बैंकलाई अत्याधुनिक प्रविधियुक्त ग्राहकमैत्री बैंकको रुपमा स्थापना गर्दै ग्राहकवर्गमा विभिन्न नयां उत्पादन तथा सेवाहरु प्रचलनमा ल्याउने प्रकृया शुरु गरेको छ ।

**ख) कारोवार सञ्जालः**
बैंकिग कारोवारमा अन्तरनिहित जोखिमहरुको व्यवस्थापनलाई उच्च प्राथमिकतामा राखी बिभिन्न बिद्युतिय माध्यमबाट कारोवार बिस्तार गर्ने तथा वित्तीय पहुच अभिबृद्धि गर्न बैंकको पहुंच नभएका ठाउँहरुमा आफनो उपस्थिति जनाउंदै जाने उद्देश्यले आवश्यकता अनुसार कारोवार सञ्जाल बढाउंदै लैजाने बैंकको कार्यक्रम छ ।

**ग) डेविट/ केडिट कार्ड :**
बजारमा आफनो बलियो उपस्थितिलाई कायम राख्न आफनो कार्ड व्यवसायलाई व्यापकरुपमा विस्तार गर्दै जाने प्रयासमा बैंक लागेको छ । यस बाट बैंकको ग्राहक संख्या र आम्दानी वृद्धिमा सहयोग पुग्ने छ ।

**घ) एटिएम संजालः**
आफ्नो ग्राहकवर्गहरुलाई बढी सुविधा प्रदान गर्ने बैंकको रणनीति अनुरुप उपत्यकाभित्र तथा बाहिर एटिएम जडान बिस्तार गर्दै जाने योजना बैंकको रहेको छ ।

**ङ) सूचना प्रविधिमा आधारित सेवाहरुः**
बैंकले नविनतम प्रविधिको माध्यमबाट आफ्नो ग्राहकहरुलाई मूल्य अभिवृद्धि सेवाहरु प्रदान गर्ने लक्ष्य राखेको छ । IT Integrated Services, MIS and Data Security लाई प्राथमिकतामा राखी कार्य गरिहेको छ ।

**च) विप्रेषण :**
विप्रेषण व्यवसायमा आफ्नो बजार अंश बढाउंदै लैजान बैंकले देश भरी  तथा विदेशमा समेत विप्रेषण वितरक एजेण्ट पुऱ्याउने योजना रहेको छ ।

**छ) अन्य व्यवसायः**
यस बैंकले लघुवित्त लगायतका व्यवसायहरु गर्नेतर्फ आफ्नो कार्य अगाडि बढाएको छ । यसबाट बैंकको आम्दानी वृद्धिका साथै संकुचित हुँदै गएको मार्जिनमा समेत सुधार आउने अपेक्षा गर्न सकिन्छ ।

**(२) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा संगठित संस्थाको व्यवसायको भविष्यः**
हाल देशको बैंकिङ्ग वातावरण अत्यन्त प्रतिस्पर्धात्मक छ । विगत छोटो अवधिमानै धेरै बैंक तथा वित्तीय संस्थाहरु स्थापना भई संचालनमा आइसकेका छन् । यो परिस्थितिले गर्दा देशको बैंकिङ्ग वातावरण अरु बढी प्रतिस्पर्धात्मक हुने देखिन्छ । अर्को तर्फ देशले अपनाएको खुला आर्थिक नीतिले लगानीकर्ताहरुलाई विभिन्न क्षेत्रमा लगानी गर्ने अवसरहरु प्राप्त भएका छन् । यसै बीच विगत केही समय यता देखा परेको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिले र विदेशी मुद्रा (अमेरिकी मुद्रा)को विनिमय दरमा भएको वृद्धिले देशको आर्थिक स्थितिको बारेमा केही चिन्तित हुनुपर्ने स्थिति छ । यो अवस्थाले देशको बैंकिङ्ग व्यवसाय र अर्थतन्त्रलाई पनि केही हदसम्म प्रभाव पार्ने देखिए तापनि हालसम्मको परिस्थितिलाई मूल्याङ्कन गर्दा त्यति चिन्तित भइहाल्नुपर्ने अवस्था देखिदैन ।

तसर्थ, देशको बैंकिङ्ग व्यवसाय बीचको प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र हाल सम्मका दिनहरुमा बैंकिङ्ग क्षेत्रले उत्साहजनक सफलता पाइरहेको आधारमा यस बैंकले ग्राहकहरुको चाहना र आवश्यकता अनुसारका स्तरीय ग्राहकोन्मुख सेवा तथा सुविधाहरु प्रदान गरेर उपलब्ध श्रोत र साधनको उपयुक्त परिचालन गरी तुलनात्मक रुपमा उत्साहजनक उपलब्धि हासिल गरेको छ । त्यस कारण बैंकको विद्यमान उपलब्धिहरु एवं प्रस्तुत भावी योजनाहरुको आधारमा बैंकको भविष्य थप सुढृढ हुने देखिन्छ । बैंकले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी तथा गैर सरकारी संघसंगठन, कम्पनी, व्यक्ति र संघ संस्थाहरु तथा अन्य सबै सरोकारवालाहरुसगँ सुमधुर व्यवसायिक सम्बन्ध कायम राखेको र बैंकको औद्योगिक तथा व्यवसायिक सम्बन्ध समाजका सबै तहमा पारदर्शी र सौहार्दपूर्ण रहेकोले यसलाई निरन्तरता दिइनेछ ।
यस सम्बन्धमा बैंकको हालसम्मको प्रगति विवरण लगायत वर्तमान बजारमा बैंकको अवस्थाको पुष्टि बैंकको वित्तीय विवरणबाट स्पष्ट रुपमा देखिएको छ ।

**यस बैंकको भविष्यका योजनाहरू निम्नानुसार रहेका छन् :**

(१) बैंकले प्रवाह गर्ने सेवालाई छिटो, छरितो र ग्राहकमुखी बनाउन विशिष्टीकृत सेवाको लागि कार्यालयहरू किटान गरी क्रमिक रूपमा सेवा बिस्तार गरिनेछ ।

(२) कर्जा प्रवाह, स्वीकृति र कागजात व्यवस्थापन प्रकियालाई छिटो, छरितो, सहज,गुणस्तर कायम गर्न तथा केन्द्रीय तथा प्रादेशिक नियन्त्रण प्रणालीलाई व्यवस्थित तथा बलियो बनाइने छ ।

(३) सम्भाव्यताको आधारमा कृषि, जलविद्युत, पर्यटन तथा अन्य क्षेत्रका ठूला परियोजनाहरूमा लगानी बिस्तार गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

(४) कूल निक्षेपमा स्थायी प्रकृतिको न्यून लागतको निक्षेप भार वृद्धि गर्दै निक्षेपको मिश्रणलाई भरपर्दो तथा दिगो बनाउने नीति लिई कार्यक्रम संचालन गरिनेछ ।

(५) भारत लगायत अन्य तेस्रो मुलुकबाट विप्रेषण आप्रवाहलाई प्रभावकारीरूपमा बैंकिङ्ग प्रणालीमार्फत कारोवार बढाउने कार्यलाई निरन्तरता दिइनेछ ।

(६) संघीय, प्रादेशिक तथा स्थानीय सरकारहरूसँग समन्वय, सहकार्य तथा सम्झौता गरी कार्यक्रमहरू संञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

(७) नेपाली मुद्राका Prepaid/ Postpaid / Credit Card लाई बिस्तार गर्ने र बिदेशी मुद्राका Prepaid/ Post paid/ Co Brand Card/ Credit Card को सुरुवात गरी Digital Banking Productलाई थप बिस्तार गरिनेछ ।

(८) बैंकले प्रयोग गरिरहेको Core Banking System(CBS) लाई Upgradation गर्ने साथै BPR गरी व्यवसायिक आवयकता तथा समयसापेक्ष बनाउन नयाँ CBS व्यवस्था गरी Management Information Systemलाई अझ बढी प्रभावकारी बनाइने छ ।

(९) नियमहरूको पालना गरी दीगो रूपमा प्रतिस्पर्धात्मक आधुनिक बैंकिङ्ग सेवा प्रदान गर्ने सम्वन्धमा बैंकले प्रयोग गर्दै आएको Core Banking System (CBS)लाई थप सुरक्षित बनाउन Cyber Security का राष्ट्रिय तथा अन्तर्राष्ट्रिय Best Practicesअपनाई भरपर्दो, सबल, विश्वासनीय र जोखिमरहित गराउने कार्यलाई प्राथमिकता दिई तदनुरुपका कार्यहरू गरिने छ ।

**(घ) संचालक समितिको संरचना र प्रतिनिधित्व सम्वन्धी व्यवस्थाः**

यस बैंकमा ५ (पाँच) जनाको सञ्चालक समिति रहनेछ । सो समितिमा समूहगत प्रतिनिधित्व देहाय बमोजिम हुनेछ :

| | |
|---|---|
| (क) संस्थापक समूहका शेयरधनीहरुमध्येबाट मनोनित (समुह क) | ४(चार) जना । |
| (ख) सर्वसाधारण समूहबाट निर्वाचित (समुह ख) | ० (शुन्य) जना । |
| (ग) स्वतन्त्र सञ्चालक | १ (एक) जना । |
| **जम्मा** | **५ (पाँच) जना ।** |

संचालकहरुको कार्यकाल ४ वर्षको हुनेछ ।

**संचालक हुनको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी व्यवस्था :**

यस बैंकको नियमावलीको नियम २८ उपनियम २ मा व्यवस्था भए अनुसार बैंकको सञ्चालकको पदमा नियुक्त हुनका लागि आफ्नो नाममा कम्तिमा १०० (एक सय) कित्ता शेयर लिएको हुनु पर्नेछ । तर स्वतन्त्र सञ्चालक तथा नेपाल सरकार तथा संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकोहकमा यो व्यवस्था लागु हुने छैन ।

**ग.४. पूँजी संरचना सम्बन्धी जानकारीः**

**(क) अधिकृत, जारी तथा चुक्ता पूँजी र संस्थाको स्थापना पश्चात सो मा परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :**

- **अधिकृत पूँजीः** यस बैंकको अधिकृत पूँजी रु.११,२०,००,००,०००/–(अक्षेरुपी एघार अर्ब बीस करोड मात्र) रहेको छ ।
- **जारी पूँजीः** यस बैंकको तत्काल जारी पूँजी रु.९,००,४७,९५,७००/– (अक्षेरुपी नौ अर्ब सतचालिस लाख पन्चानब्बे हजार सात सय मात्र) रहेको छ ।
- **चुक्ता पूँजीः** यस बैंकको चुक्ता पूँजी रु.९,००,४७,९५,७००/– (अक्षेरुपी नौ अर्ब सतचालिस लाख पन्चानब्बे हजार सात सय मात्र) रहेको छ ।

**बैंकको स्थापना पश्चात् अधिकृत, जारी एवं चुक्ता पुँजीमा निम्न बमोजिम परिवतर्न भएको छः**

| आर्थिक वर्ष | अधिकृत पूँजी (रु. लाखमा) | | जारी पूँजी (रु.लाखमा) | | चुक्ता पूँजी (रु.लाखमा) | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | साधारण शेयर | प्रिफरेन्स शेयर | साधारण शेयर | प्रिफरेन्स शेयर | साधारण शेयर | प्रिफरेन्स शेयर | |
| २०२२/२३ | ३० | ० | ३० | ० | ३० | ० | नेपाल सरकारबाट बिशेष ऐन अन्तरगत प्रारम्भिक लगानी |
| २०३२/३३ | ५० | ० | ५० | ० | ५० | ० | बिभिन्न मितिमा नेपाल सरकारबाट शेयर लगानी थप गरी पूँजी बृद्धि तथा परिवर्तन हुदै आएको |
| २०३३/३४ | ८० | ० | ८० | ० | ८० | ० | |
| २०३४/३५ | १०० | ० | १०० | ० | १०० | ० | |
| २०३५/३६ | २०० | ० | २०० | ० | २०० | ० | |
| २०४७/४८ | ३,४०० | ८,३२३ | १,७०० | ८,३२३ | १,७०० | ८,३२३ | |
| २०५१/५२ | ३,४०० | १०,०२३ | १,७०० | १०,०२३ | १,७०० | १०,०२३ | |
| २०५६/५७ | ७,७०६ | ७,८७० | ३,८५३ | ७,८७० | ३,८५३ | ७,८७० | |
| २०६८/६९ | ९२,१३० | ७,८७० | ८२,१३० | ७,८७० | ४७१०६ | ० | नोट १ |
| २०६९/७० | १००,००० | ० | ९०,००० | ० | ८५,८९० | ० | नोट २, ३ |
| २०७४/७५ | ११२,००० | ० | ९०,०४८ | ० | ९०,०४८ | ० | नोट न. ४ |

मिति २०६९।०३।२४ मा स्वीकृत बैंकको पूंजी योजना अनुसार तल उल्लेख गरिए बमोजिम आ.व २०६८।६९ आ.व २०६९।७० र आ.व २०७४।७५ मा शेयर पूंजी थप भएको :

**नोट १ :**

नेपाल सरकारबाट मिति २०६९।०३।३१ मा रु.४,३२,५३,१०,००० थप पूंजीको लागि रकम प्राप्त भई Calls in Advance को रुपमा देखाइएकोमा मिति २०६९।१२।३१ को साधारण सभाले शेयरजारी गरेको ।

**नोट २:**
मिति २०७०।०१।०५ मा नेपाल सरकारबाट परिवर्तनको लागि स्वीकृत भई रु.७८,७०,००,००० प्रिफरेन्स शेयर र उक्त शेयरमा भुक्तानी गर्न बांकी लाभांश रु. ८,६५,७०,००० लाई बिषेश साधारण सभाबाट मिति २०७०।०३।२९ मा साधारण शेयरमा परिवर्तन पारित गरेको ।

**नोट ३:**
पूंजी योजना अनुसारनै बित्तीय क्षेत्र सुधार कार्यक्रम अन्तरगत प्राप्त दिर्घकालिन SDR Loan लाई सेयरमा परिवर्तन गर्न मिति २०६९।०८।१४ मा सम्बन्धित निकायबाट स्वीकृत भइ मिति २०६९।१२।३१ को साधारण सभाले रु.३,००,४७,९२,३०० शेयरमा परिवर्तन गरेको ।

**नोट ४:**
पूंजी योजना अनुसारनै एन.आई.डि.सि. डेभलपमेण्ट बैंक र यस बैंक बीच मिति २०७५।०१।१९ मा सम्पन्न मर्जरबाट रु.४१,५८,२३,४०० चुक्ता पूँजी बृद्धि भएको ।

**ख) निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :**
**ऋणपत्र निष्काशन गर्नु पूर्व बैंकको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेको छ ।**

**अ. शेयर पुँजी**

| समूह | शेयरधनी | शेयर कित्ता | पूंजी संरचना | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| (क) | संस्थापक शेयरधनीहरु | ९,००,२०,०४७ | ९९.९७% | ९,००,२०,०४,७०० | शतप्रतिशत |
| (ख) | सर्वसाधारण शेयरधनीहरु | २७,९१० | ०.०३.% | २७,९१,००० | शतप्रतिशत |
| | **जम्मा** | **९,००,४७,९५७** | **१००%** | **९,००,४७,९५,७००** | |

**आ. ऋण पुँजी :** नभएको ।

**ऋणपत्र निष्काशन गरी बाँडफाँट गरे पश्चात बैंकको शेयर पुँजी र ऋण पूँजीको संरचना देहाय बमोजिम हुनेछ ।**

**अ. शेयर पुँजी**

| समूह | शेयरधनी | शेयर कित्ता | पूंजी संरचना | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| (क) | संस्थापक शेयरधनीहरु | ९,००,२०,०४७ | ९९.९७% | ९,००,२०,०४,७०० | शतप्रतिशत |
| (ख) | सर्वसाधारण शेयरधनीहरु | २७,९१० | ०.०३.% | २७,९१,००० | शतप्रतिशत |
| | **जम्मा** | **९,००,४७,९५७** | **१००%** | **९,००,४७,९५,७००** | |

**आ. ऋण पुँजी**

| विवरण | चुक्ता रकम (रु.) | भुक्तानीप्रतिशत |
|---|---|---|
| 8.5% RBBL Debenture, 2083 | रु.२,५०,००,००,०००/- | यस बिबरणपत्र मार्फत निष्काशन प्रकृयामा रहेको |
| **जम्मा** | **रु.२,५०,००,००,०००/-** | |

**(ग) शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात) : सो नरहेको ।**

**ग.५. संस्थापक/संचालक सम्बन्धी जानकारी :**

**(क) संस्थापक/संचालकको पृष्ठभूमि:**

**(१) आधारभूत शेयरधनीहरु तथा संचालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव, र प्रस्तावित ब्यापार/व्यवसायमा अनुभव :** यस बैंकको आधारभूत शेयरधनीको रुपमा नेपाल सरकार रहेको र बैंकिग, अर्थशाष्त्र, व्यवस्थापन एवं बिभिन्न क्षेत्रमा कार्यअनुभव भएका व्यक्तित्वहरु नेपाल सरकारबाट मनोनित भइ संचालकको रुपमा रहने हुदां बैंकलाई आवश्यकपर्ने हरेक कारोवार तथा कार्यको अनुभव रहेको छ ।

**आधारभूत शेयरधनीको विवरण:**

| सि.नं | नाम, ठेगाना | पद | उमेर (वर्ष) | राष्ट्रियता | शेयर स्वामित्व (कित्ता) | शैक्षिक योग्यता | अनुभव (पूर्व र हाल कार्यरत) |
|---|---|---|---|---|---|---|---|
| १. | नेपाल सरकार | संस्थापक | लागु नहुने | नेपाली | ९,००,२०,०४७ | लागु नहुने | लागु नहुने |

**संचालकहरुको विवरण:**

| सि. नं. | नाम, ठेगाना | पद | उमेर (वर्ष) | राष्ट्रियता | व्यक्तिगत नाममा रहेको शेयरस्वामित्व (कित्ता) | शैक्षिक योग्यता | अनुभव (पूर्व र हाल कार्यरत) विस्तृत रुपमा |
|---|---|---|---|---|---|---|---|
| १. | श्री धनीराम शर्मा, दशरथपुर ८ सुर्खेत | अध्यक्ष | ४१ | नेपाली | नरहेको | व्यवस्थापन र अर्थ शास्त्रमा स्नाकोतर | नेपाल सरकार, अर्थ मन्त्रालय :शाखा अधिकृत देखिसह-सचिव(२०५९ देखि हालसम्म), संचालक, राष्ट्रिय बीमा संस्थान र नेपाल पूनर्बीमा कम्पनी (२०७५ देखि २०७६ सम्म) |
| २. | श्री जनक कुमार बराल, मत्स्यपोखरी २ संखुवासवा | सदस्य | ४६ | नेपाली | नरहेको | सी.ए.र व्यावस्थापनमा स्नातक | परामर्श सेवा, सिए., जनक एण्ड एसोशियट्स २०६४ देखि हालसम्म । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३. | प्रा.डा. श्री राजन बहादुर पौडेल, नागार्जुन न.पा १ काठ्माण्डौ | सदस्य | ६३ | नेपाली | नरहेको | वित्त बिषयमा पी.एच.डी. | प्राध्यापक, त्रिभुवन विश्वविद्यालय (२०३७ देखि २०७६ सम्म)<br>संचालक, कुमारी बैंक लि (२०६७ देखि २०७१ सम्म) । |
| ४. | प्रा.डा.श्री माधव प्रसाद दाहाल, शिद्धेश्वर १ भोजपुर | सदस्य | ६३ | नेपाली | नरहेको | अर्थ शास्त्रमा पी.एच.डी | प्राध्यापक, त्रिभुवन विश्वविद्यालय (२०५२ देखि २०७७ जेष्ठ २२ गते सम्म),<br>सदस्य, नेपाल सरकार, उच्चस्तरीय जनशक्ति प्रक्षेपण कार्यदल(२०७५ मंसिर देखि २०७६ बैशाख सम्म) ,<br>सदस्य, नेपाल सरकार, मध्यमस्तरीय प्राविधिक जनशक्ति प्रक्षेपण कार्यदल (२०७६ असार देखि २०७६ श्रावण सम्म) । |
| ५. | श्री रोमिला ढकाल, चन्द्रगढी ८ झापा | सदस्य | ४९ | नेपाली | नरहेको | व्यवस्थापनमा स्नाकोत्तर | एभरेष्ट बैंक लि (२०५४।०१।०६ देखि २०७४।०७।०५) मा बिभिन्न तहमा २० वर्षको कार्यअनुभव |

बैंकका सबै सञ्चालकहरुले नेपाल सरकारको तर्फबाट प्रतिनिधित्व गर्नुभएको हुंदा निजहरुले व्यक्तिगत नाममा यस बैंकको शेयर स्वामित्व नरहेको ।

**(२) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण (Profile)र उक्त कम्पनी/संस्थाका संचालकहरुको नाम, ठेगाना, (प्राकृतिक ब्यक्ति नखुलेसम्म) :**

बैंकको संस्थापक नेपाल सरकार रहेको । शेयर पूजीको (९९.९७%) अर्थात ९,००,२०,०४७ कित्ता शेयर नेपाल सरकारको स्वमित्वमा रहेको र निम्न बमोजिमका निकायको नाममा कायम रहेको छ ।

| सि.नं. | संस्थाको नाम, ठेगाना र संक्षिप्त विवरण | संचालकहरुको विवरण | शेयर स्वामित्व ( कित्ता ) |
|---|---|---|---|
| १. | श्री नेपाल सरकार, अर्थ मन्त्रालय | माथि बुंदा नं (क) १ मा उल्लेख गरिएको | ८,४०,४५,०२५ |
| २. | श्री नेपाल सरकार,महालेखा नियन्त्रकको कार्यालय | | ५०,२५,२०३ |
| ३. | श्री नेपाल सरकार,उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय | | ५,८९,१६२ |
| ४. | श्री नेपाल सरकार,श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | | ८९,१६५ |
| ५. | श्री नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | | ८९,१६५ |
| ६. | श्री नेपाल सरकार, उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय | | ९०,१६२ |
| ७. | श्री नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | | ८९,१६५ |
| ८. | श्री नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | | १,००० |
| ९. | श्री नेपाल सरकार, कृषि तथा पशुपक्षी मन्त्रालय | | १,००० |
| १० | श्री नेपाल सरकार, भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | | १,००० |

**(३) संगठित संस्थाको संचालकहरु अन्य कुनै कम्पनी, संस्था, कोष, संगठनसँग आवद्ध भए त्यस्तो संचालक र आवद्ध भएको संस्थाको नाम, ठेगानाः**

| सि.नं. | नाम, ठेगाना | अनुभव(पूर्व र हाल कार्यरत) विस्तृत रुपमा |
|---|---|---|
| १. | श्री धनीराम शर्मा | नेपाल सरकार, अर्थ मन्त्रालयको सह-सचिव ।<br>राष्ट्रिय बीमा संस्थान र नेपाल पूनर्बीमा कम्पनीमा पूर्व सञ्चालक । |
| २. | श्री जनक कुमार बराल | परामर्श सेवा, सि.ए.जनक एण्ड एसोशियट्स । |
| ३. | श्री राजन बहादुर पौडेल, प्रा.डा. | प्राध्यापक, त्रिभुवन विश्वविद्यालय पूर्व प्राध्यापक र कुमारी बैंक लि.को पूर्व सञ्चालक । |
| ४. | श्री माधव प्रसाद दाहाल, प्रा.डा. | प्राध्यापक, त्रिभुवन विश्वविद्यालय पूर्व प्राध्यापक ।<br>नेपाल सरकार, उच्चस्तरीय जनशक्ति प्रक्षेपण कार्यदलको पूर्व सदस्य ।<br>नेपाल सरकार, मध्यमस्तरीय प्राविधिक जनशक्ति प्रक्षेपण कार्यदलको पूर्व सदस्य । |
| ५. | श्री रोमिला ढकाल | एभरेष्ट बैक लि.मा मा बिभिन्न तहमा २० वर्षको कार्यअनुभव रहेको । |

**नोट :** यस संस्थाको संचालकहरुको सम्बन्धमा **"सूचीकृत सङ्गठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका,२०७४"** को व्यवस्थाहरु तथा कम्पनी ऐन, २०६३ को दफा ८९ को उपदफा(१) छ को पालना भएको छ ।

**(४) संस्थापक/संचालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण :**

शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :

क) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति नलिई बैंकको शेयर कुनै विदेशी बैंक वा वित्तीय संस्थालाई बिक्री वा हस्तान्तरण गरिने छैन।

ख) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति नलिई संस्थापक र सर्वसाधारण समूहको शेयर स्वामित्व अनुपातमा परिवर्तन गर्न पाईने छैन ।

ग) बैंकले कारोबार संचालन गरेको पाँच वर्ष नपुगेसम्म सो संस्थाको संस्थापकले आफ्नो शेयर बिक्री वा धितोबन्धक राख्न पाउने छैन र उक्त अवधिपछि त्यस्तो शेयर बिक्री गर्दा वा धितोबन्धक राख्नु पर्दा नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिनु पर्नेछ । यस व्यवस्था बमोजिम बैंकले कारोबार संचालन गरेको पाँच वर्ष नपुगे तापनि बैंकको संचालनमा कुनै बाधा व्यवधान उत्पन्न भई विशेष परिस्थितिको सृजना हुन गएमा नेपाल राष्ट्र बैंकको स्वीकृति लिई संस्थापकहरुका बीचमा शेयर खरिद बिक्री गर्न सकिनेछ ।

तर, त्यसरी हक छोड्दा वा हस्तान्तरण गर्दा पहिलो प्राथमिकता जुन समूहको शेयर हो सोही समूहका शेयरधनीहरूलाई दिनु पर्नेछ । यसरी शेयर बिक्री गर्दा एक भन्दा बढी शेयरधनीले शेयर खरिद गर्न चाहेमा निजले धारण गरेको शेयरको अनुपातमा वितरण गर्नु पर्नेछ । सो समूहका कुनै पनि संस्थापक शेयरधनीले शेयर लिने इच्छा नगरेमा मात्र त्यस्तो शेयर नेपाल राष्ट्र बैंकको स्वीकृती लिई संचालक समितिको निर्णय बमोजिम अन्य व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई बिक्री गर्न सकिने छ ।

घ) कुनै संस्थापक शेयरधनीको मृत्यु भएमा वा प्रचलित कानून बमोजिम पारिवारिक अंशबण्डा भएमा वा अदालतको आदेशले निजको शेयर हकवालामा नामसारी हुने भएमा खण्ड (ग) को बन्देज लागु हुने छैन ।

ङ) बैंकको संचालक, कार्यकारी प्रमुख, लेखापरीषक, सचिव वा बैंकको व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा बहाल रहंदाको वखत वा त्यस्तो पदबाट अवकाश प्राप्त गरेको कम्तीमा एक वर्षसम्म सम्बन्धित बैंक वा त्यसको सहायक कम्पनीको शेयर आफ्नो वा आफ्नो परिवारको नियन्त्रणमा रहेको फर्म, कम्पनी वा संस्थाको नाममा खरिद बिक्री गर्न, गराउन, गर्न दिन, धितोबन्धक राख्न, राख्न लगाउन वा दान बकस लिन, दिन वा लेनदेन गर्न हुंदैन । तर नयाँ शेयर जारी गरेको अवस्थामा यो प्रतिवन्ध लागु हुने छैन ।

च) कसैले खण्ड (च) को विपरित काम गरेमा त्यस्तो शेयर बैंकले जफत गर्नेछ र त्यसरी जफत भएको शेयर संचालक समितिले उचित ठहऱ्याएको किसिमबाट बिक्री बितरण गर्न सक्नेछ ।

छ) शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी अन्य व्यवस्था बैंक तथा वित्तीय संस्था ऐन, २०७३, कम्पनी कानून, धितोपत्र कारोबार सम्बन्धी कानून तथा अन्य प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

ज) "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को नियम (१०) को उपनियम (१) मा भएको ब्यबस्था अनुरुप धितोपत्र सार्वजनिक निष्काशन गर्न सक्ने गरी संस्थापित संगठित संस्थाका सर्वसाधारण बाहेक अन्य समूह (संस्थापक र अन्य समूह) ले लिएको शेयर सार्वजनिक निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले तीन बर्षको अवधि पूरा नभई बिक्री गर्न पाइने छैन ।

**(ख) संस्थापक/संचालक सँगको कारोबार :**

**१) संगठित संस्थाबाट कुनै संस्थापक/संचालकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेको वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति र मूल्य र त्यस्तो सुविधा दिए बापत संगठित संस्थाले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरण :**

वार्षिक साधारण सभाबाट पारित सुविधा बाहेक केही नभएको ।

**२) बुँदा (ख) (१) मा उल्लेखित बस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिका :** सो नभएको ।

**ग.६. <u>सीमित दायित्व सम्बन्धी विवरण</u> :**

यस बैंक कम्पनी ऐन, २०६३ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरवालाहरुको दायित्व सीमित छ । यस बैंकका शेयरवालाको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबोल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ ।

**ग.७. <u>संगठित संस्थाको कर्मचारी सम्बन्धी विवरण</u> :**

**(क) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :**

**(१) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले गरेको कामको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण । साथै त्यस्ता कर्मचारीहरु अन्य कुनै सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी गरेको रकम खुलाउनुपर्ने ।**

**<u>उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :</u>**

| क्र. स. | कर्मचारीको नाम | तह | योग्यता | नियुक्त मिति | कार्य अनुभव | शेयर संख्या |
|---|---|---|---|---|---|---|
| १. | श्री किरण कुमार श्रेष्ठ | प्रमुख कार्यकारी अधिकृत | एम.पी.ए. | २०७२।१२।२९ | ➢ प्रमुख कार्यकारी अधिकृत : राष्ट्रिय वाणिज्य बैंक (सेवा शुरु २०७२।१२।२९ देखि हालसम्म दोश्रो कार्यकालको लागी मिति २०७६।१२।०२ मा पून नियुक्ति भएको,<br>➢ महाप्रवन्धक, नेपाल बैंक लि.मा ४ बर्षेको अनुभव,<br>➢ नेपाल बैंक लि.मा २०४३ सालमा सहायक अधिकृत देखि सेवा सुरु गरी ३० वर्ष भन्दा माथिको अनुभव । | छैन |
| २. | श्री कविराज अधिकारी | नायव प्रमुख कार्यकारी अधिकृत (तह १२) | चार्टर्ड एकाउन्टेन्ट/ एम.बी.एस. | २०६२।१०।०२ | ➢ नायव प्रमुख कार्यकारी अधिकृत : राष्ट्रिय वाणिज्य बैंक (मिति २०७५।०२।२७ देखि हालसम्म)<br>➢ राष्ट्रिय वाणिज्य बैंकमा मिति २०६२।१०।०२ देखि निरन्तर सेवा प्रदान गर्दै, बैंकको बिभिन्न बिभागको जिम्मेबारी सम्हालेको, बैंकमा १५ बर्षकोकार्य अनुभव रहेको । | छैन |
| ३. | श्री सरस्वती अधिकारी | उप कार्यकारी अधिकृत (तह ११) | चार्टर्ड एकाउन्टेन्ट/ एम.कम | २०६४।०६।०७ | ➢ CSC & Co, Chartered Accountants (२०६२ देखि २०६४)<br>➢ यस बैंकको बजेट, बित्त, ट्रेजरी, जोखिम व्यवस्थापन लगायत बिभिन्न बिभागको जिम्मेवारी सम्हालेको,बैंकमा १३ वर्षको कार्य अनुभव । | छैन |
| ४. | श्री देवेस प्रसाद लोहोनी | उप कार्यकारी अधिकृत(तह ११) | एम.बी.ए. | २०५१।०१।०८ | ➢ यस बैंकको सूचना प्रविधि, डिजिटल बैंकिग लगायत बिभिन्न बिभागको जिम्मेवारी सम्हालेको, बैकमा २५ वर्ष भन्दा बढीको कार्य अनुभव रहेको । | छैन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५. | श्री देवेन्द्र रमण खनाल | उप कार्यकारी अधिकृत(तह ११) | चार्टर्ड एकाउन्टेन्ट/ एम.बी.ए. | २०६४।०५।१० | ➢ यस बैंकको शाखा कार्यालय, प्रादेशिक कार्यालय, बैंकको कर्जा बिभागहरु लगायत बिभिन्न बिभागको जिम्मेवारी सम्हालेको, बैंकमा १३ वर्षको कार्य अनुभव रहेको । | छैन |
| ६. | श्री पवन रेग्मी | मुख्य प्रबन्धक (तह १०) | एम.फिल ( अर्थशास्त्र)/ एम.बी.एस. | २०६२।०१।०२ | ➢ यस बैंकको विभागीय प्रमुख तथा शाखा कार्यलयहरुमा १५ वर्ष को कार्य अनुभव रहेको । | छैन |
| ७. | श्री विमल डगोल | मुख्य प्रबन्धक (तह १०) | चार्टर्ड एकाउन्टेन्ट/ एम.बी.एस. | २०६६।०९।०१ | ➢ यस बैंकको बित्त बिभागको बिभिन्न जिम्मेवारी सम्हाल्दै हाल बित्त बिभागको बिभागीय प्रमुखको रुपमा कार्यरत रहेको, बैंकमा ११ वर्ष को कार्य अनुभव रहेको । | छैन |
| ८. | श्री बिनय रमण पौडेल | मुख्य प्रबन्धक (तह १०) | चार्टर्ड एकाउन्टेन्ट | २०६६।०९।१९ | ➢ यस बैंकको शाखा प्रवन्धक, बिभागीय प्रमुख लगायतको जिम्मेवारीमा ११ वर्ष को कार्य अनुभव रहेको । | छैन |
| ९. | श्री भोलानाथ पौडेल | बरिष्ठ प्रबन्धक (तह ९) | एम.बी.ए./ एम.ए. | २०६२।०१।०२ | ➢ यस बैंकको बिभिन्न शाखा कार्यालयमा प्रवन्धकको रुपमा सेवा गर्नु भएको र हाल कम्पनी सचिवको जिम्मेवारी सम्हाल्नु भएको, बैंकमा १५ वर्ष को कार्य अनुभव रहेको । | छैन |

**नोट : माथी उल्लेखित उच्च व्यवस्थापकीय तहका कर्मचारीहरु अन्य कुनै सुचीकृत संगठित संस्थाको वा अन्य कुनै संगठित संस्थाको आधारभुत शेयरधनी नरहेको जानकारी गराउन चाहन्छौ ।**

(२) **विवरणपत्र बोर्डमा प्रस्तुत गर्नु भन्दा १ वर्ष अगाडिको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च व्यबस्थापकीय तहमा रहेका कुनै कर्मचारी परिवर्तन भएमा सो सम्बन्धी विवरण :**
१ वर्ष अगाडिको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको बाहेक अन्य परिवर्तन भएको छैन।

(३) **कर्मचारी संख्या : मिति २०७७।०६।३० मा**

| क.सं | स्थायी | अस्थाइ | करार | जम्मा |
|---|---|---|---|---|
| १ | १९७८ | | १३७ | २११५ |

(ख) **<u>संचालक एवं उच्च व्यबस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण :</u>**

**(१) संचालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरुलाई प्रदान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा :**

**क) संचालकले पाउने मासिक पारिश्रमिक, बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा यस बैंकको नियमावली अनुसार हुनेछ ।**

**ख) संचालकहरुको बैठक भत्ता तथा सुविधा हाल देहाय बमोजिम रहेको छ :**

(१) **बैठक भत्ता** : रु. ४०००/- प्रति बैठक भत्ता प्रदान गरिने ।

(२) **दैनिक तथा भ्रमण भत्ता** :नेपाल भित्र भ्रमण गर्दा रु.२५००/- प्रति दिन । भारतमा भ्रमणमा जादा अमेरिकी डलर २२५/- प्रति दिन । अन्य देशमा भ्रमणमा जादा : अमेरिकी डलर २२५/- प्रति दिन । युरोपियन मुलुकहरुमा, अष्ट्रेलिया, न्युजिल्याण्ड, अमेरिका, क्यानाडा, कुवैत, कोरिया, जपान, हंगकङग, रुस, कतार, यु.ए.ई, सिंगापूर, लेबनान, बहराइन : अमेरिकी डलर २९९.२५/- प्रति दिन विदेश जाँदा भ्रमण खर्च :इकोनोमी क्लासको हवाई टिकट खर्च ।

(३) **विदेश जाँदा भ्रमण खर्च** :इकोनोमी क्लासको हवाई टिकट खर्च उपलब्ध गराइने

(४) **टेलिफोन तथा पत्र पत्रिका खर्च** बापत रु.४५००/- मासिक दिइने ।

**(२) संगठित संस्थाको उच्च व्यबस्थापकीय तहका तीन जना अधिकृतहरुको नाम र पद र एक आर्थिक वर्षको अवधि भित्र उनीहरुलाई पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम :**

| सि.नं. | कर्मचारीको नाम | पद | एक आर्थिक वर्षको अवधि भित्र पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम (आ.ब.०७६/७७) |
|---|---|---|---|
| १. | श्री किरण कुमार श्रेष्ठ | प्रमुख कार्यकारी अधिकृत | ४६,१२,६३९ |
| २. | श्री कविराज अधिकारी | नायव प्रमुख कार्यकारी अधिकृत | २०,००,३६३ |
| ३. | श्री सरस्वती अधिकारी | उपकार्यकारी अधिकृत | १७,६२,४९२ |

**(३) कुनै अधिकृत वा संचालकलाई भविष्यको लागि कुनै रकम प्रदान गरिने गरी करार गरिएको भए सो सम्बन्धी विवरण :** नभएको ।

**<u>ग.८.अन्तरनिहित जोखिम तथा सो को व्यवस्थापनको लागी व्यवस्थापनको धारणा :</u>**
बैंकको अन्तर्निहित जोखिमहरु निम्नानुसार रहेका छन्।

**(क)वित्तीय साधनको अभावबाट हुने जोखिम:**

१.निक्षेप तथा कर्जाको ब्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु ।
२.नेपालको बजारमा हुने आर्थिक मन्दीबाट पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु ।
३. बिश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना कोभिड १९ का कारण कारोवार तथा व्यवसायमा पर्न गएको असरबाट हुने जोखिमहरु ।
४. तरलताको उतारचढाबबाट निक्षेप संकलन, ब्याजदर तथा आम्दानीमा पर्ने असरबाट हुने जोखिमहरु ।

**(ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम** :लागु नहुने ।

**(ग) उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :**

१. कोभिड १९ को असरबाट बित्तीय कारोवार, कर्जा लगानी तथा व्यवसायमा देखिएको मन्दीका कारण हुने जोखिमहरु ।

२.नयाँ बैंक तथा वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।

३.देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।

**(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि** (Cost Overrun)**को जोखिम :**
सो नभएको ।

**(ङ) विदेशी विनिमयको जोखिम:**देशको वैदेशिक व्यापार नीतिमा हुन सक्ने परिवर्तन तथा विदेशी मुद्राको विनिमय दरमा घट्बढ भई उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु ।

**(च) कानूनी प्रकृयाहरु तथा ईजाजत प्राप्त गर्नु पर्ने सो बाट पर्न सक्ने अवरोधहरु :**सो नभएको ।

**(छ) क्षेत्रीयकरण र विश्वव्यापीकरण**(Globalization)**का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :**कोभिड १९ का कारण अन्तर्राष्ट्रिय बजारमा हुने आर्थिक मन्दीबाट पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु ।

**(ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वब्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट हुने जोखिमः**

१.नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु ।

२.देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले जारी गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुने सम्भावित जोखिमहरु ।

**(झ) संचालन इतिहासको अभाव :**यस बैंकको संचालन इतिहास करिव ५५ बर्षको रहेकाले बैंकमा संचालन अभाव नभएको ।

**(ञ) प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिम** :नयाँ प्रविधिको विकास संगै बैंकले प्रयोग गर्ने प्रविधिमा आधारित बैंकिङ्ग/वित्तिय लगायतका प्रविधिमा हुने खराबीले पर्न सक्ने संचालन तथा साखसम्बन्धि जोखिम ।

**(ट) अन्य :**

१.बैंकले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा आम्दानी संकुचित हुने तथा पूजीमा ह्रास आउने जोखिम ।

२. पूंजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।

३. देशको राजनीतिक अस्थिरताबाट संचालन तथा वित्तीय अवस्थामा पर्ने जोखिम ।

४. सरकारी सुरक्षणपत्रहरुको ब्याजदरमा आउने परिवर्तनबाट बैंकको आम्दानी संकुचन हुने जोखिम ।

५. कार्यसंचालन जोखिम (Operational Risk) बाट हुन सक्ने हानी नोक्सानी ।

६. सम्पत्ति शुद्धीकरण लगायत वित्तीय अपराध सम्बन्धी जोखिमबाट हुनसक्ने हानी नोक्सानी ।

७.प्राकृतिक प्रकोप (भुकम्प, बाढी/पहिरो आदी) को कारणबाट व्यवसायमा आउने प्रभावको जोखिम ।

८. कोभिड १९ को असरबाट हुन सक्ने कर्मचारी स्वास्थ सम्बन्धी जोखिमहरु ।

**सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ ।**

राष्ट्रिय वाणिज्य बैंकको कर्जा तथा लगानी खराब भई हुन सक्ने जोखिमहरुको लागि बैंकले कर्जा तथा लगानीको लागि जोखिम ब्यहोर्ने कोषको व्यवस्था गरेको छ । बैंकले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति बिकासमा ध्यान पुऱ्याउनुको साथै अन्य व्यवसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानि नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानि नोक्सानी कम गर्न सक्षम र प्रतिवद्ध रहेकोछ ।

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले अन्तर्निहित तथा भविष्यमा आउन सक्ने विभिन्न जोखिमहरु (कर्जा, बजार संचालन आदि) को पहिचान, अनुगमन तथा व्यवस्थापनको लागि जोखिम व्यवस्थापन बिभागको गठन गरी जोखिम पहिचान, अनुगनम तथा नियन्त्रणको व्यवस्था गरेको छ । नेपाल राष्ट्र बैंकको निर्देशन तथा बैंकको नीति नियमको अधिनमा रही आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत बनाई विभिन्न जोखिमहरु व्यवस्थापन गरी बैंकलाई उत्कृष्ट एवं सबलरुपमा संचालन गरी लगानीकर्ताहरुको हितको संरक्षणका लागि आवश्यक नीति, कार्यविधिहरु बनाई लागु गरेको छ ।

कर्जासँग सम्बन्धित जोखिमहरु, बजार र तरलता, कारोवार संचालन, व्यवस्थापन र प्रतिष्ठा जस्ता बैंकको व्यवसायसँग सम्बन्धित जोखिमहरुलाई बैंकले जोखिम व्यवस्थापन संरचनाद्वारा सतर्कतापूर्वक व्यवस्थापन गर्ने गरेको छ । त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवं समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लाने बैंकको नीति रहेको छ ।

**जोखिम व्यवस्थापनका लागि बैंकले अवलम्बन गरेका उपायहरु निम्न लिखित छन्:**

१) अख्तियार प्राप्त समिति तथा व्यक्तिहरुको स्विकृती पश्चात्मात्र जोखिम ग्रहण तथा सो को व्यवस्थापनका लागि उचित संरचना तथा साधनहरुको उपलब्धता ।

२) भावी जोखिमहरुको पूर्वानुमान तथा जोखिमहरुको उपयुक्त जानकारी ।

३) प्रतिष्पर्धात्मक क्षमता अभिवृद्धिकालागि जोखिमहरुको कुशल तथा प्रभावकारी व्यवस्थापन एवं नियन्त्रण ।

४) बैंकले निरन्तर रुपमा प्रविधि परिवर्तनबाट सिर्जित हुन सक्ने जोखिमहरुलाई मध्यनजर गरी जोखिम न्यूनिकरणका उपयहरु अवलम्बन गर्ने, प्रविधिबाट उत्पन्न हुने जोखिम लगायत CyberSecurity Risk सम्बन्धी आवश्यक तालिमहरु दिदैं आएको र समय समयमा बैंकको सूचना प्रविधिको लेखापरिक्षण गराई विज्ञहरुको सुझाव बमोजिम जोखिम न्यूनिकरणका उपायहरु अवलम्बन गर्दै गएको ।

५) अनुशासित र संयमित जोखिम बहन गर्ने ।

६) कोभिड १९ को कारण उत्पन्न यस परिस्थितिमा पनि आफ्नो ग्राहकलाई सहज, सुलभ रुपले बैंकिङ्ग सेवा उपलब्ध गराउन बैंकले आफ्ना ग्राहकलाई नेपाल सरकारले जारी गरेको स्वास्थ्य सम्बन्धी कार्यविधि पालना गर्दै बैंकमा आउने ग्राहकहरुलाई सामाजिक दुरी कायम गर्दै सेवा उपलब्ध गराउने, कर्मचारीहरुलाई कारोना रोकथामकालागि आवश्यक सजगता अपनाउन निर्देशन दिदैं, बैंकमा आउने सम्पूर्ण ग्राहक तथा कर्मचारीहरुको दैनिक तापक्रम नापजाँच गर्ने तथा स्वास्थ सम्बन्धी उपायहरु अपनाउदै सेवा उपलब्ध गराई रहेको ।

बैंकले जोखिम नियन्त्रणको क्षेत्रमा अवलम्वन गरेका माथि उल्लेखित नीति एवं उपायहरु पर्याप्त नहुन सक्दछन् यसर्थ उल्लेखित विधिहरुले बैंकको जोखिमलाई पूर्ण रुपमा निर्मुल पार्न नसके तापनि न्युनिकरण गर्न सफल हुने विश्वास लिएका छौं ।

**धितोपत्र मूल्य परिवर्तन सम्बन्धि जोखिम :**

रु.१०००/–प्रति ऋणपत्रको दरले निष्काशन गरिएको मूल्यले सूचीकरण पश्चात धितोपत्र बजारमा हुने कारोवार मूल्य नजनाउने भएकोले ऋणपत्र मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

**ग.९.वित्तीय विवरण :**

**(क) वित्तीय विवरण र तत् सम्बन्धमा व्यवस्थापनको धारणा र विश्लेषण :**

**(१)संगठित संस्थाको लेखापरिक्षण भएको पछिल्लो आर्थिक वर्षको वासलात, नाफा नोक्सान हिसाब, नाफा नोक्सान हिसाव बाँडफाँड, नगद प्रवाह विवरण:**

राष्ट्रिय वाणिज्य बैंक लि.को आर्थिक वर्ष २०७६/०७७ को लेखापरिक्षण गरीएको वासलात, नाफा–नोक्सान हिसाब, नाफा–नोक्सान बाँडफाँड हिसाब तथा नगद प्रवाहको विवरण निम्नानुसार छ :-

**वासलात (२०७६ श्रावण ०१ देखी २०७७ अषाढ मसान्तसम्म)**

| सम्पत्ति | रकम (रु.हजारमा) |
|---|---|
| नगद तथा नगद समान | ७०,९३,८५९ |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात तथा लिनुपर्ने रकम | १,७९,३४,७६४ |
| बैंक तथा वित्तीय संस्थामा गरेको लगानी (प्लेसमेन्ट) | ४८,१२० |
| डेरिभेटिभ (व्यूत्पन्न) वित्तीय उपकरण | - |
| अन्य व्यापारीक सम्पत्तिहरु | - |
| बैंक तथा वित्तीय संस्थालाई प्रवाह गरेको कर्जा तथा सापटी | ४४,५६,७५४ |
| ग्राहकहरुलाई प्रवाह गरेको कर्जा तथा सापटी | १५,०७,९७,८४७ |
| धितोपत्रमा गरेको लगानी | ७,४७,६९,६६० |
| चालु कर सम्पत्ति | २६,४८,१२१ |
| सहायक कम्पनीमा लगानी | २,००,००० |
| सम्बद्ध कम्पनीमा लगानी | ९७,८५८ |
| लगानी सम्पत्ति (इन्भेष्टमेन्ट प्रोपर्टी) | १,०९,३७९ |
| सम्पत्ति र उपकरण | १५,५५,७२२ |
| गुडविल (ख्याती) र अमूर्त सम्पत्ति | ४२,८८७ |
| स्थगन कर सम्पत्ति | ६,४७,०२६ |
| अन्य सम्पत्ति | ६३,६४,२६४ |
| **कुल सम्पत्ति** | **२,६६,७६६,२६१** |
| **दायित्व र पूँजी** | |
| बैंक तथा वित्तीय संस्थालाई तिर्न बाँकी | २२,७८,४५४ |
| नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी रकम | २,८१,०६९ |
| व्यूत्पन्न (डेरिभेटिभ) वित्तीय उपकरण | - |
| ग्राहकको निक्षेप दायित्व | २३,०९,०२,६३७ |
| सापटी | ६०,०६४ |
| चालू कर दायित्व | - |
| व्यवस्था रकमहरु | ३,७५,१३७ |
| स्थगन कर दायित्व | - |
| अन्य दायित्वहरु | ९८,३९,३६२ |
| जारी गरिएको ऋणपत्र | - |
| असुरक्षित सहायक आवधिक दायित्व | - |
| **कूल दायित्व** | **२४,३७,३६,७२३** |
| **पूँजी** | |
| शेयर पूँजी | ९०,०४,७९५ |
| शेयर प्रिमियम | - |
| सञ्चित मुनाफा | ७,६१,६१४ |
| जगेडा | १,३२,६३,१२९ |
| **शेयरधनीहरुसंग सम्बन्धित कूल इक्विटी** | **२,३०,२९,५३८** |
| **जम्मा पूँजी** | |
| **जम्मा दायित्व र पूँजी** | **२,६६,७६६,२६१** |

## नाफा नोक्सान हिसाव (२०७६ श्रावण ०१ देखी २०७७ असाढ मसान्तसम्म)

| विवरण | रकम (रु. हजारमा) |
|---|---|
| ब्याज आम्दानी | १,७१,६०,१७४ |
| ब्याज खर्च | ७७,११,७७२ |
| **खूद ब्याज आम्दानी** | **९४,४८,४०२** |
| शुल्क तथा कमिशन आम्दानी | ८,२८,४८१ |
| शुल्क तथा कमिशन खर्च | १,७४,५८२ |
| **खूद शुल्क र कमिशन आम्दानी** | **६,५३,८९९** |
| **खूद ब्याज, शुल्क र कमिशन आम्दानी** | **१,०१,०२,३०१** |
| खूद व्यापारिक आम्दानी | ५४,७३४ |
| अन्य सञ्चालन आम्दानी | ५,४१,२२४ |
| **जम्मा सञ्चालन आम्दानी** | **१,०६,९८,२५९** |
| कर्जामा सम्भावित क्षति व्यवस्था/(फिर्ता) तथा अन्य नोक्सानीहरु | १,६०,५२५ |
| **खूद सञ्चालन आम्दानी** | **१,०५,३७,७३४** |
| **सञ्चालन खर्च** | |
| कर्मचारी खर्च | ३१,०३,९२२ |
| अन्य सञ्चालन खर्च | १२,७६,२१९ |
| ह्रासकट्टी र परिशोधन | २,१७,९३४ |
| **सञ्चालन मुनाफा** | **५९,३९,६५८** |
| गैर सञ्चालन आम्दानी | २,९५,०९८ |
| गैर सञ्चालन खर्च | |
| | |
| **आयकर अघिको मुनाफा** | **६२,३४,७५६** |
| **आयकर खर्च** | |
| चालु कर खर्च | १३,०४,३६९ |
| स्थगन कर खर्च | ५,५३,०७१ |
| **यस अवधिको मुनाफा** | **४३,७७,३१६** |
| **नाफा वाँडफाँड** | |
यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ सम्बन्धी व्यवस्था अनुसार ऋणपत्रको बाँडफाँड गरे पश्चात नेपाल स्टक एक्सचेन्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा प्रचलित व्यबस्था अनुसार सूचिकरण तथा दर्ता गराई ऋणपत्रको खरिद बिक्री तथा राफसाफको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

**(च) प्रत्याभूति सम्बन्धी विवरण :**

**(१) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम :** सो नभएको ।

**(२) धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मुख्य मुख्य बूँदाहरु :**सो नभएको ।

**(छ) आवेदन दिंदा ध्यान दिनु पर्ने कुराहरु :**

(१) **धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार,लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण :**

धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ/गरिनेछ । साथै यस विवरणपत्र मार्फत निष्काशन गरिएको ऋणपत्र खरिदका लागि आवेदन गरी बाँडफाँड भए पश्चात कायम ऋणपत्रधनीहरुले कम्पनीको बार्षिक साधारण सभामा भाग लिन र मतदान गर्न पाउने छैनन् ।

(२) **नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :**

(क) यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समय भित्र बैंकको रजिष्टर्ड कार्यालय, सिंहदरवार प्लाजा, काठमाण्डौं, धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौंमा सम्पर्क राखि हेर्न वा प्राप्त गर्न सकिनेछ ।

(ख) यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र खरिदका लागि दरखास्त दिँदा दरखास्तवालाले न्यूनतम २५(पच्चीस) कित्ता र अधिकतम २,५०,००० (दुई लाख पचास हजार)कित्ता ऋणपत्र खरिदका लागि आवेदन दिन सक्नेछन् । न्यूनतम २५ (पच्चीस) कित्ता भन्दा बढी ऋणपत्र खरिद गर्नका लागि १ अंकको गुणाङ्कमा अधिकतममा २,५०,००० (दुई लाख पचास हजार) कित्ता ऋणपत्र खरिद गर्नका लागि दरखास्त दिन सकिनेछ । तर व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने ऋणपत्रको हकमा अधिकतम् हद लागु हुने छैन ।

(ग) यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र खरिद गर्नका लागि दरखास्त दिँदा दरखास्तवालाले दरखास्त साथ आफूले खरिद गर्न चाहेको ऋणपत्र संख्याको प्रति ऋणपत्र रु.१,०००/–(एक हजार) का दरले हुन आउने एकमुष्ठ रकम नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त सी आस्वा (C-ASBA)सदस्य बैंक तथा वित्तीय संस्थामा जम्मा गरी आवेदन दिनु पर्नेछ । तर व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने ऋणपत्रको हकमा निष्काशन कम्पनी वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक मार्फत लिखित रुपमा सहमती जनाई खरिद गर्न सक्नेछन् ।

(३) **आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :**

(क) कुनै पनि सर्वसाधारण नेपाली नागरिकका साथै नेपाली संघ संस्था वा कम्पनीले यस विवरणपत्र मार्फत जारी गरिने ऋणपत्र खरिदका लागि दरखास्त दिन सक्नेछन् । निष्काशित सम्पूर्ण ऋणपत्रका लागि ४ (चार) कार्य दिन सम्ममा सर्वसाधारण नेपाली नागरिकबाट आवेदन प्राप्त नभएको खण्डमा मात्र नेपाली संघसंस्था वा कम्पनीले आवेदन दिन पाउनेछ ।

(ख) दरखास्त दिंदा नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त सी आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्था मार्फत आवेदन फाराम बुझाउनु पर्नेछ र सोही संस्थाबाट उपलब्ध गराईने आवेदन फाराममा उल्लेखित सम्पूर्ण विवरणहरु स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । सो सम्बन्धी अन्य प्रकृया तथा शुल्क सम्बन्धी व्यवस्था सम्बन्धित सी आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाले आफ्नो कार्यालयको सूचनापाटी, वेबसाइट वा राष्ट्रिय स्तरको दैनिक पत्रपत्रिकामा प्रकाशित गरी तोके बमोजिम हुनेछ ।

(ग) आवेदकले आवेदन दिँदा सी आस्वा (C-ASBA)सदस्य बैंक तथा वित्तीय संस्थामा रहेको आवदेन बापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्कृय रहेको हुनु हुँदैन ।

(घ) एक व्यक्तिले आफूले खरिद गर्न चाहेको ऋणपत्रको लागि एक भन्दा बढी दरखास्त दिन पाउने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी दरखास्त प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्ध गरीने छ ।

(ङ) रितपूर्वक प्राप्त नभएको आवेदनलाई ऋणपत्र बाँडफाँडमा समावेश गरिने छैन र सो को जिम्मेवार आवेदक/सम्बन्धित सी आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्था स्वयं हुनेछ ।

(च) ऋणपत्र खरिदका लागि दरखास्त दिँदाको अवस्थामा वा दरखास्त दिई सकेपछि खरिद गरेको ऋणपत्र बापतको रकम भुक्तानी नहुँदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो आवेदन फारामलाई रद्द गरी सो को जानकारी सम्बन्धित सी आस्वा (C ASBA)सदस्य बैंक तथा वित्तीय संस्थालाई गराउने छ ।

(छ) रु.५,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN)खुलाउनुपर्नेछ । यस अतिरिक्त रु.५,००,०००/- वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

**व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरीन ऋणपत्र खरिद गर्न चाहने आवेदकहरुले पालना गर्नपर्ने मुख्य कुराहरु :**

(१) कुनै पनि नेपाली संघ संस्थाले यस विवरणपत्र अनुसार जारी गरिने ऋणपत्र खरिद गर्न आवेदन दिन सक्नेछन् । आवेदकले आफूले लिन चाहेको ऋणपत्र, अधिकतम सिमा खुल्ने गरि यसै बैंकको बिक्री प्रबन्धकलाई लिखित रुपमा निवेदन पेश गर्नुपर्ने छ ।

(२) आवेदन दिँदा आफूले खरिद गर्न चाहेको ऋणपत्र संख्या र त्यसको रकम खुलाई आवेदन दिनुपर्नेछ ।

(३) आवेदन फाराम नेपाली तथा अंग्रेजी दुवै भाषामा पेश गर्नुपर्नेछ ।

(४) आवेदकले आवेदनसाथ आफूले खरिद गर्न चाहेको ऋणपत्र संख्याको प्रति ऋणपत्र रु.१,०००/– को दरले हुन आउने रकम बराबरको एनआईबिएल एस क्यापिटल लिमिटेडको नाममा खिचिएको बैंक एकाउण्ट पेयी चेक संलग्न भएको हुनुपर्नेछ । यसरी चेक मार्फत रकम बुझाउनु हुने आवेदकहरुले आवेदनमा सो चेकको नम्बर र चेकको पछाडि आवेदकको नाम अनिवार्य रुपमा खुलाउनु पर्नेछ । यसको अलावा, निवेदकले एनआईबिएल एस क्यापिटल लिमिटेडको नाममा A/C Transfer गरी Credit Advice निवेदनको साथमा संलग्न पनि गर्न सक्ने छ ।

(५) कम्पनी वा संस्थाले ऋणपत्रका लागि आवेदन दिँदा कम्पनी वा संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपि र लगानी गर्ने सम्बन्धमा संचालक समितिको निर्णय समावेश गरेको हुनुपर्नेछ ।

(६) रु.५,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN)खुलाउनुपर्नेछ । यस अतिरिक्त रु.५,००,०००/- वा सोभन्दा बढी रकम आवेदन

दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नु पर्ने छ ।

ग.११ <u>सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण</u> :

**निष्काशनकर्ता संगठित संस्था र निम्नलिखित पक्ष बीच विगत २ बर्षको अवधिमा कुनै प्रकारको बस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न ब्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्थासँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :**

(क) **संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालकको रुपमा रहेको ब्यक्ति** : कारोबार नभएको ।

(ख) **आधारभूत शेयरधनी** :कारोबार नभएको ।

(ग) **खण्ड (क) र (ख) मा उल्लेखित कुनै ब्यक्तिको एकाघर परिवार सदस्य** : कारोबार नभएको ।

(घ) **संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था** :सो नभएको ।

(ङ) **संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको संचालक वा निजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ बर्ष अगाडिको अवधिमा संस्थाको संचालक वा संचालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको भए सो कुरा** : कुनै कारोवार वा सम्झौता गरेको छैन ।

(च) **कुनै संचालक वा संचालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको ब्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने** :
कुनै ऋण कारोबार गरेको छैन ।

ग.१२.<u>विदेशी लगानी र ब्यबस्थापन सम्बन्धी विवरण</u> :

**विदेशी लगानी र ब्यबस्थापनमा संगठित संस्था संचालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताको मुख्य तथा तात्विक बुँदाहरु :**
सो नभएको ।

ग.१३. <u>सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा सो को विवरण :</u>

(क) **संगठित संस्थाको विगत ३ आर्थिक बर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम,न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको शेयर संख्या** : बैकको हाल कायम रहेको शेयर नेपाल स्टक एक्सचेन्जमा सूचिकरण नरहेको ।

(ख) **बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोवार भएको कूल दिन र कुल कारोबार भएको धितोपत्र संख्या :**
बैकको हाल कायम रहेको शेयर नेपाल स्टक एक्सचेन्जमा सूचिकरण नरहेको ।

ग.१४.<u>पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण</u> :

**संगठित संस्थाले यस भन्दा अगाडि धितोपत्र निष्काशन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखीत गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारणः**
यस ऋणपत्र निष्काशन भन्दा अघि बैंकले कुनै पनि सार्वजनिक शेयर निष्काशन नगरेको ।

ग.१५.<u>परामर्शदाता/ बिशेषज्ञ सम्बन्धी विवरणः</u>

(क) **लेखापरीक्षक, प्रमुख बैंक, निष्काशन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना :**

- **लेखापरीक्षक**
  यस बैंकको आ.ब.०७५/०७६ को बैधानीक लेखापरीक्षक कमल बहादुर चित्रकार र महेश कुमार गुरागाई रहनु भएको छ । आर्थिक वर्ष २०७६/०७७ को लागि लेखापरीक्षक महेश कुमार गुरागाईं र प्रभु राम भण्डारी रहनु भएको ।
- **प्रमुख बैंक**
  यस निष्काशनको लागि प्रमुख बैंकको व्यवस्था गरिएको छैन ।
- **निष्काशन कार्यसँग संलग्न बैंक**
  "धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" पूर्ण रुपमा लागु भईसकेको सन्दर्भमा यो ब्यबस्था लागू नहुने ।
- **प्रक्षेपित वित्तीय विवरण तयार पार्ने बिज्ञ**
  यस विवरणपत्रमा उल्लेख गरिएको बैकको रणनीतिक योजना र वित्तीय प्रक्षेपणको विवरण बैक आफैले तयार गरेको हो ।
- **प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञको नाम तथा ठेगाना**
  यस विवरणपत्रमा उल्लेख गरिए बमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी सो आधारमा तयार गरिएका वित्तीय प्रक्षेपणका विवरण यथार्थपरक रहेको भनी प्रमाणित गर्ने बिशेषज्ञमा Madan Niraula & Co. का FCA श्री मदन कुमार निरौला रहेका छन् ।

(ख) **माथि खण्ड १५(क) मा उल्लेखित संस्था वा व्यक्तिसँग सहमतिका मुख्य मुख्य बुँदा तथा शर्तहरुः** सो नभएको ।

ग.१६. <u>आयोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरणः</u>
लागू नहुने ।

ग.१७. <u>मुद्दा तथा विवाद सम्बन्धी विवरण</u> :

(क) **संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा ब्यबस्थापनको धारणाः**
सो नभएको ।

(ख) **संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/संचालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरणः**
हाल सम्म संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/संचालकले वा लाई मुद्दा दायर गरिएको छैन ।

(ग) **विगत पाँच बर्षमा संगठित संस्थाको कुनै संस्थापक/संचालक कालोसूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संस्थापक/संचालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नु पर्नेः**

सो नभएको ।

(घ) **संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरुः**

सो नभएको ।

ग.१८. **गुनासो सुन्ने र समाधान गर्ने प्रकृयाः**

यस सार्वजनिक निष्काशन सम्बन्धमा लगानीकर्ताहरुको गुनासो सुन्न र सो को समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालय एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौंमा एक विशेष कक्षको व्यवस्था गरिएको छ । कुनै पनि लगानीकर्ताले यस निष्काशनसँग सम्बन्धित विषयमा कुनै गुनासो वा सुझावका लागि सम्पर्क व्यक्ति श्री समिक्षा नेपाललाई निजकै कार्यकक्षमा वा निजलाई कार्यालय समयभित्र ४४२५२८० एक्सटेन्सन ४२२ मा सम्पर्क गर्न सकिनेछ ।

ग.१९. **नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरणः**

सो नभएको ।

ग.२०. **ऋणपत्र निष्काशन सम्बन्धी विवरण :**

**(क) यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको "8.5% RBBL Debenture, 2083" निष्काशन गर्न शर्तहरु देहाय बमोजिम रहेकोछ :**

(अ) **ऋणपत्र निष्काशनको शर्त बन्देजहरुः**

ऋणपत्र निष्काशन सम्बन्धी शर्त र बन्देजहरु यस विवरणपत्रको दफा ग.१०.छ मा उल्लेख गरिएको छ ।

(आ) **ऋणपत्रको अवधि(Maturity Period):**

यस ऋणपत्रको अवधि ऋणपत्र बाँडफाँट भएको दिनबाट ६ बर्षको हुनेछ सो अवधि पश्चात कम्पनीले यस ऋणपत्रको साँवा र अन्तिम किस्ताको तिर्न बाँकी ब्याज रकम एकमुष्ठ भुक्तानी गर्नेछ ।

(इ) **निष्काशन गरिने ऋणपत्रको संख्या तथा रकम :**

प्रति ऋणपत्र रु.१,०००/– अंकित मूल्यका २५ लाख कित्ता ऋणपत्रले हुनआउने कुल रु.२ अर्व ५० करोड ऋणपूँजी रकम मध्ये रु.१ अर्व ऋणपूँजी रकम बराबर प्रति ऋणपत्र रु.१,०००/– अंकित मूल्यका १० लाख कित्ता ऋणपत्र(सो मध्ये ५% अर्थात ५०,००० कित्ता ऋणपत्र सामुहिक लगानी कोषका लागि छुट्टयाएको समेत)सर्वसाधारण नेपालीको लागि सार्वजनिक निष्काशन तथा रु.१ अर्ब ५० करोड ऋणपूँजी रकम बराबर प्रति ऋणपत्र रु.१,०००/- अंकित मूल्यका १५ लाख कित्ता ऋणपत्र विभिन्न व्यक्ति वा संघ संस्थाहरुलाई व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिनेछ ।

(ई) **ऋणपत्र साधारण शेयरमा परिणत हुने वा नहुने :**

यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र ६ (छ) बर्षको अवधि पश्चात एकमुष्ठ रुपमा भुक्तानी गरिने भएकोले उक्त ऋणपत्र साधारण शेयरमा परिणत नहुने ।

(उ) **ऋणपत्रको ब्याजदर (Coupon Interest Rate)र ब्याज भुक्तानी गर्ने अवधि/समय (Interest Payment Period) :**

यस ऋणपत्रको बार्षिक ब्याजदर ८.५०% हुनेछ । यस ऋणपत्रमा आर्जित ब्याज रकममा आयकर ऐन अनुसार कर लाग्नेछ । यस ऋणपत्रमा आर्जित ब्याज रकम प्रत्येक आर्थिक बर्षको प्रथम अर्ध-वार्षिक (पौष मसान्त) र द्धितीय अर्ध-वार्षिक (आषाढ मसान्त) समाप्त भए पश्चात भुक्तानी दिइनेछ । ब्याज रकम भुक्तानी दिँदा प्रथम अर्ध-वर्षिक (पौष मसान्त) समयसम्म यस ऋणपत्रमा आर्जित ब्याज रकम हरेक बर्षको माघ १ गतेदेखि र द्धितीय अर्ध-वार्षिक (आषाढ मसान्त) समयसम्म यस ऋणपत्रमा आर्जित ब्याज रकम हरेक बर्षको श्रावण १ गतेदेखि भुक्तानी गरिनेछ । साथै खण्डित अवधीमा आवेदकहरुले आवेदन गरेको रकममा ब्याज आर्जित गरेको खण्डमा सो ब्याज आवेदकहरुलाई प्रदान गरिनेछ ।

(ऊ) **ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserves) सम्बन्धित व्यवस्थाः**

यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्रलाई निर्धारित ६ (छ) वर्ष समयावधिमा फिर्ता भुक्तानी गर्नका लागि कम्पनीले ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserves) को व्यवस्था गर्नेछ । ऋणपत्रको अवधिमा कम्पनीको नाफा नोक्सान बाँडफाँड हिसाब खाता (Profit & Loss Appropriation A/c)बाट ऋणपत्र निष्काशन भएको पहिलो वर्ष र अन्तिम वर्ष बाहेक अन्य प्रत्येक वर्षबराबर रुपमा(Proportionate Period Basis)नाफा नोक्सान हिसाबबाट रकम छुट्टयाई कुल रु. दुई अर्ब पचास करोड बराबरको उक्त कोषमा जम्मा हुनेछ ।कम्पनीले कुनै आर्थिक बर्षमा मुनाफा आर्जन गर्न नसकेको खण्डमा समेत सो बर्षमा ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserves) मा रकमान्तरण गर्नु पर्ने रकम रकमान्तरण गरिनेछ । यदि कम्पनीको कुनै आर्थिक वर्षमा मुनाफा नभएमा अघिल्लो वर्षहरुको संचित मुनाफाबाट ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserves) मा रकमान्तरण गर्नु पर्ने बार्षिक रकम रु..६२,५०,००,०००./- (अक्षेरुपी बैसट्ठी करोड पचास लाख मात्र ) रकमान्तरण गरिनेछ ।

(ए) **ऋणपत्रवालाको अधिकार :**

यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र खरिद गर्न ऋणपत्रधनीहरुलाई कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानून बमोजिम ऋणपत्रधनीलाई प्राप्त हुने सम्पूर्ण हक सुविधा प्राप्त हुनेछ । तर त्यस्तो ऋणपत्रधनीहरुलाई कम्पनीको साधारण सभामा भाग लिन र मतदात गर्ने अधिकार हुने छैन । कथंकदाचित बैंक टाटपल्टेमा यस विवरणपत्र मार्फत निष्काशित ऋणपत्रको भुक्तानी निक्षेपकर्ताहरु भन्दा पछाडी मात्र हुनेछ ।

**(ख) संगठित संस्थाको सम्पत्तिमा ऋणपत्रवालाको हक सम्बन्धी विवरण :**

यस विवरणपत्र मार्फत निष्काशन हुने ऋणपत्र बैंकको सम्पत्ति सुरक्षण नराखी निष्काशन गरिएको असुरक्षित ऋण (Unsecured Debt) भएको र कथंकदाचित बैंक टाटपल्टिएमा अन्य सुरक्षित साहु र निक्षेपकर्ता भन्दा पछि मात्र भुक्तानीमा प्राथमिकता हुने गरी निष्काशन गरिएको सहायक ऋण (Subordinate Debt) भएको हुँदा प्रचलित कानूनले प्रदान गरेको बाहेक कम्पनीको सम्पत्तिमा ऋणपत्रधनीको कुनै निर्दिष्ट हक (Specific Charge)अधिकार हुने छैन । यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्रधनीको बैंकको सम्पत्तिमा द्धितीय हक हुनेछ । बैंकको सम्पत्तिमा सुरक्षित साहु र निक्षेपकर्ताको प्रथम हक लाग्नेछ, निजहरुको हक कायम हुने रकम रु २,६१,९६,०७,११,४८४ (अक्षररुपी दुई खर्ब एकसठ्ठी अर्ब छयानब्बे करोड सात लाख एघार हजार चार सय चौरासी मात्र) २०७७ पौष मसान्तमा रहेको छ ।

**(ग) ट्रष्टीको नाम, ठेगाना तथा ट्रष्टी र कम्पनी बीच भएको सम्झौता (Trustee Deed) को प्रमुख बुँदाहरुः**

ऋणपत्र निष्काशन गर्दा ट्रष्टी नियुक्त गर्नु पर्ने व्यबस्था अनुरुप निम्नानुसार ऋणपत्र ट्रष्टीको व्यबस्था गरिएको छ ।

(अ) **ट्रष्टीको नाम तथा ठेगाना :** ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त श्रीएनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौ रहेको छ ।

(आ) **ऋणपत्र ट्रष्टी भए बापत लिने सेवा शुल्क :** यस विवरणपत्र मार्फत सर्वसाधारणमा तथा व्यक्तितग तवरबाट विभिन्न व्यक्ति वा संघ संस्थालाई बिक्री गरिने ऋणपत्रको ट्रष्टीको रुपमा नियुक्त श्री एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौलाई उक्त सेवा प्रदान गरे बापत बार्षिक रु.२५,०००/– (अक्षेरुपी पच्चिस हजार रुपैंया मात्र) ट्रष्टी सेवा उपलब्ध गराएको समयावधिका लागि सेवा शुल्कको रुपमा भुक्तानी दिइनेछ । साथै, प्रथम बर्षको ट्रष्टी सेवा शुल्क छुट दिइनेछ ।

(इ) **ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले तोकेको ब्यक्तिको नाम तथा पद योग्यता तथा अनुभव :**

ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले उक्त कम्पनीको श्री सचिन्द्र ढुंगानालाई सम्पर्क व्यक्तिको रुपमा तोकेको छ । निजले चार्टड एकाउन्टेन्ट शैक्षिक योग्यता हासिल गरी करिब ११ वर्ष भन्दा बढी वित्तीय तथा मर्चेण्ट बैंकिङ्ग क्षेत्रको कार्य अनुभव हासिल गर्नु भएको छ ।

(ई) **ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले सम्बन्धित पक्षको गुनासो सुन्ने र समाधान गर्ने सम्बन्धमा गरेको ब्यवस्था :** ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले सम्बन्धित पक्षको गुनासो सुन्ने र सो को समाधान गर्ने सम्बन्धमा तोकिएको सम्पर्क व्यक्ति मार्फत वा ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाको कार्यालय मार्फत आवश्यक व्यवस्था गरेको छ । साथै गुनासाहरु लिखित रुपमा ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा जम्मा गराउनु पर्नेछ । लगानीकर्ताहरुले देहाएको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझाव प्रेषित गर्न सक्ने छन्:

गुनासो सुन्ने अधिकारीको नाम : सचिन्द्र ढुंगाना

इमेल :sachindra@niblcapital.com

फोन नं. : ०१-४४२५२८०

(उ) **ऋणपत्र निष्काशन गर्ने बैंक र ऋणपत्रवालाहरुको हित संरक्षण गर्न ट्रष्टीको रुपमा काम गर्ने ऋणपत्र ट्रष्टी बीच कम्पनी ऐन, २०६३ बमोजिम सम्झौता भएको कुरा :** ऋणपत्र निष्काशन गर्ने कम्पनी र ऋणपत्रवालाहरुको हित संरक्षण गर्न ट्रष्टीको रुपमा काम गर्ने ऋणपत्र ट्रष्टी बीच कम्पनी ऐन, २०६३ मा भएको व्यबस्था अनुरुप मिति २०७६/११/१९ मा सम्झौता गरिएको छ ।

(ऊ) **ऋणपत्र ट्रष्टीको अधिकार र दायित्व, ऋणपत्र ट्रष्टीले जाँचबुझ गर्न र विवरण माग गर्न सक्ने, ऋणपत्र ट्रष्टीलाई ऋणपत्रवालाहरुको अधिकार हुने आदि ब्यबस्थाहरु कम्पनी ऐन, २०६३ अनुरुप भएको कुरा :**ऋणपत्र ट्रष्टीको अधिकार र दायित्व, ऋणपत्र ट्रष्टीले जाँचबुझ गर्न र विवरण माग गर्न सक्ने, ऋणपत्र ट्रष्टीलाई ऋणपत्रवालाहरुको अधिकार हुने आदि ब्यबस्थाहरु कम्पनी ऐन, २०६३ अनुरुप गरिएको छ ।

(ए) **ऋणपत्र ट्रष्टी र बैंक बीच भएको सम्झौताको प्रति नेपाल धितोपत्र बोर्डमा दर्ता गरिएको कुरा :**

ऋणपत्र ट्रष्टी र कम्पनी बीच भएको सम्झौताको प्रति नेपाल धितोपत्र बोर्डमा दर्ता गरिएको छ ।

(ऐ) **ऋणपत्र ट्रष्टी र बैंक बीच भएको सम्झौता तथा अन्य आवश्यक ब्यबस्थाहरु ऋणपत्रवालाले हेर्न वा जान्न चाहेमा सो उपलब्ध गराउने सम्बन्धमा गरिएको ब्यवस्था :**

ऋणपत्र ट्रष्टी र बैंक बीच भएको सम्झौता तथा अन्य आवश्यक ब्यबस्थाहरु ऋणपत्रवालाले हेर्न वा जान्न चाहेमा ऋणपत्र ट्रष्टी वा कम्पनीको रजिष्टर्ड कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राखी हेर्न वा जान्न सकिने ब्यबस्था गरिएको छ ।

(ओ) **अन्य :**

– ऋणपत्र ट्रष्टीले ऋणपत्रवालाहरुको हित संरक्षण गर्ने ।
– कम्पनीले ऋणपत्र ट्रष्टीलाई आफ्नो वित्तीय कारोबारको परिष्कृत आर्थिक विवरण आर्थिक बर्ष समाप्त भएको ६ महिना भित्र अनिवार्य रुपमा पठाउनु पर्ने ।
– ऋणपत्र ट्रष्टीले कम्पनीले स्थापना गरेको ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserves) को अनुगमन गर्ने ।
– कम्पनीले पुनः अर्को ऋणपत्र निष्काशन गर्नु परेमा ऋणपत्र ट्रष्टीको पूर्व स्वीकृती लिनुपर्ने ।

**(घ) परिवर्तनशील ऋणपत्र जारी गरिने भएमा ऋणपत्रको परिवर्तन अनुपात, मूल्य, प्रिमियम तथा परिवर्तन मिति, मताधिकारको ब्यवस्था :**

सो नभएको ।

**(ङ) ऋणपत्र जारी गर्नुको उद्देश्य तथा सम्पन्न हुने कार्य योजनाः**

– कम्पनीले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिहरुलाई विस्तार गर्नका लागि आवश्यक पूँजी संकलन गर्न ।
– कम्पनीको पुरक पूँजीकोष(Supplimentary Capital)बृद्धि गर्न ।
– प्रबन्धपत्रमा उल्लेख गरिएका उद्देश्य अनुरुप गर्नुपर्ने कार्यहरुका लागि आवश्यक पर्ने पूँजी जुटाउन ।

**(च) जारी पूँजी चुक्ता भएको/नभएको :**

कम्पनीको जारी पूँजी सम्पूर्ण चुक्ता भैसकेको ।

**(छ) यस भन्दा अगाडी जारी भएको ऋणपत्रको विवरण** : सो नभएको ।

(ज) अन्य :

- यो ऋणपत्र राष्ट्रिय बाणिज्य बैक बाहेक अन्य बैंक वा वित्तीय संस्थामा धितो राखी ऋण लिन सक्नेछ ।
- यस ऋणपत्रलाई नेपाल स्टक एक्सचेन्ज लिमिटेडतथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा सूचिकरण तथा दर्ता गराई खरिद बिक्रीको व्यबस्था मिलाइनेछ ।
- **ऋणपत्रको ब्याज भुक्तानी गर्ने स्थान :** यस ऋणपत्र धारण गर्ने ऋणपत्रधनीले निजले धारण गरेको ऋणपत्रमा आर्जित ब्याज रकम राष्ट्रिय बाणिज्य बैक लिमिटेडको कुनै पनि शाखाबाट वा कम्पनीले तोकेको स्थानबाट आफ्ना ऋणपत्रको ब्याज भुक्तानी पूर्जा पेश गरी ऋणपत्रको ब्याज भुक्तानी लिन सक्ने गरी निष्काशन गरिएको छ । ऋणपत्रको ब्याज भुक्तानी पूर्जा जारी नगरी सवै ऋणपत्रहरु हितग्राही खातामा राखिएको अवस्थामा सवै ऋणपत्रधनीहरुको हितग्राही खातामा उल्लेख भएको बैंक खातामा ब्याज रकम जम्मा हुने व्यवस्था मिलाईनेछ ।
- ऋणपत्रको बाँडफाँड पश्चात बाँडफाँडमा पर्ने सम्पूर्ण ऋणपत्रधनीहरुलाई बाँडफाँड भएको दिन देखिको पहिलो अर्ध-बार्षिकको ब्याज रकम सो अर्ध-बार्षिक अवधिको समाप्ति पश्चात भुक्तानी दिइनेछ । यस ऋणपत्र धारण गर्ने प्रत्येक ऋणपत्रधनीलाई ऋणपत्रहरु हितग्राही खातामा जम्मा नगरेको अवस्थामा ब्याज रकम भुक्तानी गर्नका लागि ऋणपत्रको प्रमाणपत्रको अलावा ब्याज भुक्तानी पूर्जा (Interest Coupon) दिइनेछ ।
- **नेपाल राष्ट्र बैंक बाट ऋणपत्र निष्काशन गर्न स्वीकृत प्रदान गर्दा तोकिएका शर्तहरु निम्न अनुसार रहेको छ :**

यस राष्ट्रिय बाणिज्य बैकले निष्काशन गर्न लागेको **"8.5% RBBL Debenture, 2083"** ऋणपत्र निष्काशन गर्नका लागि नेपाल राष्ट्र बैकद्धारा मिति २०७६/१०/०२ र २०७७/०४/०६ को पत्र मार्फत देहाय बमोजिमका शर्तहरु पालना गर्नुपर्ने भनी स्वीकृति प्रदान गरेको छ ।

(१) कुनै पनि सुरक्षण नराखी**"8.5% RBBL Debenture, 2083"** निष्काशन गर्नुपर्ने ।

(२) ऋणपत्रको अवधि ६ वर्षको हुने ।

(३) ऋणपत्रको वार्षिक ब्याजदर ८.५ प्रतिशत हुनुपर्ने, ऋणपत्रमा प्रदान गरिने ब्याज ६/६ महिनामा (साउन १ र माघ १ गते) भुक्तानी गर्नुपर्ने र आर्जित ब्याज रकममा आयकर ऐन अनुसार आयकर लाग्ने व्यवस्था गर्नुपर्ने ।

(४)बैंक विघटन भएको अवस्थामा **"8.5% RBBL Debenture, 2083"** को भुक्तानी निक्षेपकर्ता भन्दा पछिमात्र हुने ।

(५) **"8.5% RBBL Debenture, 2083"** जारी भएको मितिले बढीमा ६ महिना भित्रमा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकृत गर्नुपर्ने ।

(६) राष्ट्रिय बाणिज्य बैकलिमिटेड बाहेक अन्य बैंक तथा वित्तीय संस्थाबाट उक्त डिबेन्चर धितो राखी ऋण लिन सकिने व्यवस्था गर्नुपर्ने ।

(७) **"8.5% RBBL Debenture, 2083"** निष्काशन गर्नु अघि विवरणपत्र यस बैंकमा दर्ता गरि प्रकाशन गर्नुपर्ने ।

(८) ऋणपत्रको रकम भुक्तानी गर्ने प्रयोजनको लागि बैंकको बार्षिक मुनाफाबाट उक्त ऋणपत्र निष्काशन गरिएको आर्थिक बर्ष र भुक्तानी हुने आर्थिक बर्ष बाहेकका अन्य प्रत्येक बर्ष समानुपातिक (Proportionate)आधारमा बराबरको दरले रकम भुक्तानी कोष Redemption Reserve को व्यवस्था गर्नुपर्ने । साथै, नाफा नभएको अवस्थामा मुनाफाबाट छुट्टयाउनुपर्ने रकम व्यहोर्ने श्रोत स्पष्ट रुपमा विवरणपत्रमा उल्लेख हुनुपर्ने ।

(९) यदि कुनै पक्षले सो पक्षलाई छुट्टयाएको डिबेञ्चर खरिद नगरेमा सो डिबेञ्चर अर्को पक्षलाई खरिद गर्ने व्यवस्था गर्नुपर्ने ।

(१०) ऋणपत्र भुक्तानी गरेपछि भुक्तानी कोष (Redemption Reserve)मा बाकी रहेको रकमलाई पुँजी समायोजन कोषमा रकमान्तर गर्नुपर्ने ।

(११) ऋणपत्र आवेदकलाई निजले आवेदन गरेको रकमको आवेदन गरेको मितिदेखि बाँडफाँड हुने दिनसम्मको अवधिका लागी प्रचलित बचतको (त्यस बैंकको कुनै एक प्रकारको बचतको प्रचलित ब्याजदर) ब्याजदरले खण्डित अवधिको ब्याज (Broken Period Interest)प्रदान गर्नु पर्ने र सो विषयमा विवरणपत्र स्पष्ट उल्लेख गर्नु पर्ने ।

(१२) Private Placement को आधारमा विक्री गरिने डिबेन्चरको सम्बन्धमा कुनै संघ/संस्थासंग अग्रिम कुनै सम्झौता भएको भए सो सम्झौताको प्रमाणित प्रतिलिपि यस बैंकमा पेश गर्नुपर्ने ।

२१. **अग्राधिकार शेयर निष्काशन सम्बन्धी ब्यवस्थाः** सो नभएको

२२. **अन्य सामान्य जानकारी :**

**(क) विशेषज्ञको कुनै राय भएमा, सो को विवरण :**

प्रक्षेपित वित्तीय विवरण ठिक छ भनि चार्टर्ड एकाउण्टेण्ट श्री मदन कुमार निरौलाले प्रमाणित गर्नु भएको हो । वास्तविक वित्तीय विवरणका आधारमा संगठित संस्थाले तयार गरेको उक्त प्रक्षेपित वित्तीय विवरण NFRSअनुसार नै बनेको भनी लेखापरीक्षक श्री मदन कुमार निरौला ले आफ्नो राय व्यक्त गर्नुभएको छ ।

**(ख) गत तीन आर्थिक वर्ष भित्रमा कुनै संचालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारणः**

| क्र.सं. | नाम | पद | परिवर्तन भएको कारण | कैफियत |
|---|---|---|---|---|
| १ | महेन्द्र मान गुरुङ्ग | अध्यक्ष | नेपाल सरकारको निर्णय अनुसार | २०७६/७७ |
| २ | निर्मल हरि अधिकारी | अध्यक्ष | नेपाल सरकारको निर्णय अनुसार | २०७७/७८ |
| ३ | रबिन्द्रलाल श्रेष्ठ | संचालक | नेपाल सरकारको निर्णय अनुसार | २०७६/७७ |
| ४ | विद्यावारिधि सिग्देल | संचालक | नेपाल सरकारको निर्णय अनुसार | २०७६/७७ |
| ५ | उपेन्द्र कुमार कोइराला | संचालक | संचालकले राजिनामा दिएको | २०७७/७८ |
| ६ | जी.पी. राजबाहक | लेखापरीक्षक | बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ अनुसार | २०७४/७५ |
| ७ | के बि चित्रकार | लेखापरीक्षक | बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ अनुसार | २०७५/७६ |

**(ग) कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :**

दानाबारी–३, इलाम निवासी एम.बी.ए./एम.ए. शैक्षिक योग्यता हासिल गरी विगत १६ बर्ष देखि निरन्तर रुपमा बैकिङ्ग कार्य गरिरहनु भएको श्री भोलानाथ पौडेल यस बैंकको कम्पनी सचिवको रुपमा कार्यरत हुनुहुन्छ ।

**(घ) ऋणपत्र निष्काशन गर्नका लागि संचालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण :**

नेपाल राष्ट्र बैकले जारी गरेको आ.व.२०७६/७७ को मौद्रिक नीतिमा वाणिज्य बैंकहरुले ऋणपत्र जारी गर्नु पर्ने व्यवस्था बमोजिम बैंकको मिति २०७६।०८।२९ मा बसेको २३२३ औं संचालक समितिको निर्णय बमोजिम रु.२ अर्व ५० करोड बराबरको ६ वर्षे, १०.२०% वार्षिक व्याजदर भएको ऋणपत्र जारी गर्ने निर्णय गरेकोमा मिति २०७७।०३।१४ मा बसेको २३८६ औं संचालक समितिको निर्णय बमोजिम ऋणपत्रको व्याजदर संशोन गरी संशोधित वार्षिक व्याजदर ८.५०% मा ऋणपत्र जारी गर्ने निर्णय गरेको छ ।

**(ङ) संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरणः**सो नभएको ।

**(च) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समयः**

कार्यालय समयभित्र निम्नस्थानहरुमा सम्पर्क राखि बैंकको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ ।

१. बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय, सिंहदरवार प्लाजा, काठमाण्डौं ।
२. धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धकश्री एनआईबिएल एस क्यापिटल लि., लाजिम्पाट, काठमाण्डौं ।

**(छ) बोनस शेयर सम्बन्धी व्यवस्था :**

प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको प्रचलित बोनस शेयर निष्काशन सम्बन्धी व्यवस्था अनुसार बोनस शेयर जारी गर्न सक्नेछ ।

**(ज) शेयरवाला, कर्मचारी वा अरु कसैको लागि ऋणपत्र सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**

यस विवरणपत्र मार्फत निष्काशन गरिने प्रति ऋणपत्र रु.१,०००/– अंकित मुल्यका कुल १० लाख कित्ता ऋणपत्र संख्याको ५% अर्थात ५०,००० कित्ता ऋणपत्रहरु सामुहिक लगानी कोषको लागि छुट्टयाएर सुरक्षित गरिएको छ । यसरी छुट्टयाएको ऋणपत्र सामुहिक लगानी कोष नियमावली, २०६७ बमोजिम बाडंफांड गरिनेछ ।

**(झ) बैंकले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषणः**

बैंकले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरु, आफूले गर्ने व्यवसायसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरुको दायरा भित्र रही कार्य गरिरहेको र यस विवरणपत्रमा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो भन्ने बैंकको उद्घोषण रहेकोछ ।साथै यस बैंकले कम्पनी ऐन, २०६३ बमोजिम पेश गर्नु पर्ने आ.व. २०७५/०७६ सम्मका विवरणहरु पेश गरेको हुनाले सो आर्थिक वर्षसम्म यस बैंक अद्यावधिक रहेको छ ।

**(ञ) धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :**

यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र बिक्री वितरणका लागि नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त आस्वा सदस्य रहेको सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरु मार्फत आवेदन दिन सक्नेछन् ।

**(ट) क्रेडिट रेटिङ्ग सम्बन्धी ब्यबस्था** :

यस बैंकलाई CARE Rating Nepal Limited ले "[CARE-NP A+ (Is)] "[Pronounced as CARE NP Single A Plus (Issuer) रेटिङ्ग प्रदान गरेको छ । उक्त क्रेडिट रेटिङ्ग प्राप्त संस्थालाई समयमानै वित्तीय दायित्व पूरा गर्ने सन्दर्भमा पयाप्त मात्रामा सुरक्षा प्रदान गर्ने ( Institution that provide adequate degree of safety regarding timely servicing of financial obligation ) संस्थाको रुपमा लिइन्छ ।
रेटिङ्ग प्रदान गरेको मिति : आषाढ १४, २०७७ ।
रेटिङ्ग बहाल रहने अवधि : आषाढ १३, २०७८ सम्म ।
साथै यस बैंकले जारी गर्न लागेको ६ वर्ष अवधि तथा ८.५० प्रतिशत ब्याजदर भएको “8.5% RBBL Debenture, 2083” नामक ऋणपत्रलाई केयर रेटिङ्ग नेपाल लिमिटेडले मिति १४ असार २०७७ मा न्यून कर्जा जोखिम जनाउने "[CARE-NP A+] "(Pronounced as CARE NP Single A Plus) रेटिङ्ग प्रदान गरेको छ ।

**(ठ) विवरणपत्र तयार गर्ने व्यक्तिको नाम, थर, शैक्षिक योग्यता र अनुभवको विवरण :**

यस विवरणपत्र तयार पार्ने व्यवसायिक संस्थामा निष्काशन तथा बिक्री प्रबन्धक श्री एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौं रहेको छ ।

**(ड) सकारात्मक पक्षहरु :**

१. देशका अनुभवी तथा दक्ष व्यक्तिहरुद्वारा व्यवस्थापन गरीएकोले यस बैंकको ब्यबस्थापन सक्षम तथा प्रभावकारी भएको ।
२. जोखिम लेखाजोखा पश्चात मात्र लगानी तथा कर्जाको अवसरहरुमा कोषको प्रवाह भएको ।
३. हाल बैंकले पूर्ण कम्प्युटरीकृत प्रविधिबाट वित्तीय सेवा प्रदान गर्दै आइरहेको ।
४. बैंकिङ्ग क्षेत्रमा द्रुत गतिमा ब्यबसाय विस्तार गर्न सफल रहेको ।

**(ढ) शेयर रजिष्टार सम्वन्धि व्यवस्था :**

शेयर रजिष्टार सम्वन्धि सम्पूर्ण कार्य आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड, टेकु, काठमाण्डौ मार्फत हुनेछ ।

**(ण) धितोपत्र बिक्री खुल्ला अवधि :**

यस विवरणपत्रद्वारा सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणहरुमा जारी गरिने ऋणपत्रहरुको लागि आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट कम्तिमा ४ कार्य दिन र बढिमा १५ दिन सम्म खुल्ला रहने छ । व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने हकमा धितोपत्र बोर्डबाट स्वीकृति पश्चात खुल्ला हुनेछ र सार्वजनिक निष्काशन संगै बन्द हुनेछ ।

**ग.२३. विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन, सो मा कुनै फरक परेमा हामी संचालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने संचालक तथा विज्ञहरुको नाम तथा दस्तखत ।**

| सि.नं. | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री धनिराम शर्मा | अध्यक्ष | |
| २. | श्री जनक कुमार बराल | सञ्चालक | |
| ३. | प्रा.डा.श्री राजन बहादुर पौडेल | सञ्चालक | |
| ४. | प्रा.डा.श्री माधव प्रसाद दाहाल | सञ्चालक | |
| ५. | श्री रोमिला ढकाल | सञ्चालक | |

### ३.२४ निष्काशन तथा बिक्री प्रबन्धकको प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रति :

NIBL ACE CAPITAL
Managing shares. Managing investments.

Ref: 550/077/078

NIBL ACE CAPITAL
Managing shares. Managing investments.
Kathmandu, Nepal

मिति: २०७७/०९/१२

श्री नेपाल धितोपत्र बोर्ड,
संस्थागत वित्त विभाग,
जावलाखेल, ललितपुर ।

बिषय : धितोपत्र निष्काशन तथा बिक्री प्रबन्ध बारे ।

महोदय,

बागमति अञ्चल, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. ११, सिंहदरवारप्लाजा, काठमाण्डौ ठेगाना भएको **राष्ट्रिय बाणिज्य बैंक लिमिटेड**ले संस्थागत लगानीकर्ताहरु लगायत सर्वसाधारणहरुमा लागि जारी गर्न लागेको रु.१०००/– दरको २५,००,००० (पच्चीस लाख) कित्ताको **"8.5% RBBL Debenture, 2083"** नामक ऋणपत्र निष्काशन गर्नको लागि निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा सेवा दिन यस कम्पनी मञ्जुर गर्दछ । सर्वसाधारणहरुलाई ऋणपत्र जारी गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ र सम्बद्ध कानूनमा भएको व्यवस्था अनुसार ऋणपत्र बिक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ । यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउँदछौं ।

१. संगठित संस्थाको विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । संगठित संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणत्मक अध्ययन गर्दा संगठित संस्थाले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।

२. धितोपत्र कारोवार नियमावली अनुसार पेश गर्नु पर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरी त्यहाँ पेश गरिएको र प्रत्येकको एक/एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ ।

३. हाम्रो विचारमा निष्काशनकर्ता कम्पनीद्धारा निष्काशित धितोपत्र, धितोपत्र सम्बन्धी ऐन, २०६३ र सो ऐन अन्तर्गत बनेका नियम तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको धितोपत्र सूचिकरण विनियमावली, २०५३ बमोजिम सूचीकरण हुन योग्य छन् ।

४. सर्वसाधारणलाई विवरणपत्र सरल तरीकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा निष्काशन कम्पनी संग समन्वय गरी आवश्यक व्यवस्था मिलाइने छ ।

५. त्यस बोर्डबाट जारी गरिएको धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिकामा उल्लेखित सबै कुराहरु अध्ययन गरि सो निर्देशिकाको व्यवस्थाहरु संग अनुरुप हुने गरी सम्बन्धित कम्पनी/संगठित संस्थाले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएको छ ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक तर्फबाट

एनआईबिएल एस क्यापिटल लिमिटेड

नाम : मेख बहादुर थापा

पद : ना. प्रमुख कार्यकारी अधिकृत

सही :

कार्यालयको छाप :

NIBL ACE CAPITAL LIMITED
एनआईबिएल एस क्यापिटल लिमिटेड
(Wholly Owned subsidiary of Nepal Investment Bank Limited)

P.O. Box 23224, Lazimpat, Kathmandu
T : +977-1-4425281, 4419421, 4425280
F : +977-1-4005084
E : info@niblcapital.com
W : www.niblcapital.com
(Formed by Merger of NIBL Capital and Ace Capi

Licensed by Securities Board of Nepal (SEBON)

३.२५ विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र :

**Madan Niraula & Co.**
Chartered Accountants

East of Singh Durbar
Tanka Prasad Ghumti Sadak, Anamnagar
GPO Box : 8262, Kathmandu-32, Nepal
E-mail : madanniraula@gmail.com

## *Independent Auditor's Report to the Rastriya Banijya Bank Limited on verification of Projected financial statements*

### Opinion

We have reviewed the Provisional & Projected Financial Statements of Rastriya Banijya Bank., (*hereinafter referred to as "the Company"*) which comprise the Statement of Financial Position and Statement of Profit or Loss & other comprehensive income, Statement of Cash Flows and Statement of Changes in Equity for the year then ended, and notes to the financial statements, including a summary of significant accounting policies (F.Y. 2076/77 Provisional and F.Y. 2077/78 to 2083/84 projected).

In our opinion, the accompanying projected financial statements present fairly, in all material respects & assumptions taken for projection, the financial position of the Company of mentioned periods and its financial performance and its cash flows for the year then ended in accordance with Nepal Financial Reporting Standards (NFRS).

### Basis for Opinion

We conducted our review in accordance with Nepal Standards on Auditing (NSAs). Our responsibility under those standards are further described in the "Auditor's Responsibilities for the Audit of the Financial Statement" section of our report. We are independent of the Company in accordance with the ethical requirements that are relevant to our review of the financial statement, and we have fulfilled our ethical responsibilities in accordance with these requirements. We believe that the audit evidence we have obtained is sufficient and appropriate evidence to provide a basis for our opinion.

### Emphasis of Matter- Restriction on distribution & use

We draw attention this Provisional & Projected financial statements are prepared as per the requirement to issue debentures worth Rs.2.5 arab and publish in prospectus for issue. As a result, our report and the attached projected financials may not be suitable for another purpose other than for the purpose of complying the norms of issuing debentures. Our report is intended solely for the purpose of issuing debenture worth Rs. 2.5 arab and should not be used other than mentioned. Our opinion is not modified in respect of this matter.

Madan Niraula & Co. Kathmandu Chartered Accountants

**Responsibilities of Management and Those Charged with Governance for the Financial Statements.**

Management is responsible for the preparation and fair presentation of the provisional & projected financial statements in accordance with NFRS, and for such basis of projection as management determines is necessary to enable the preparation of financial statements that are free from material misstatement, whether due to error or wrong assumption. In preparing the financial statements, management is responsible for assessing the acceptable business growth & projection, Company's ability to continue as a going concern, disclosing, as applicable, matters related to going concern and using the going concern basis of accounting unless management either intends to liquidate the Company or to cease operations, or has no realistic alternative but to do so. Those charged with governance are responsible for overseeing the Company's financial reporting process, projection and its assumptions.

**Responsibilities of Auditor for the audit of Financials Statements:**

Our objectives are to obtain reasonable assurance about whether the financial statements, as a whole, are free from material misstatement, whether due to error or wrong assumptions, and to issue an auditor's report that includes our opinion. Reasonable assurance is a high level of assurance but is not a guarantee that an review conducted in accordance with NSAs will always detect a material misstatement when it exists. Misstatements can arise from error or wrong assumption and are considered material if, individually or in the aggregate, they could reasonably be expected to influence the economic decisions of users taken on the basis of these financial statements.

Date 2077.08. 28
Place : Kathmandu

Madan Kumar Niraula, FCA
Partner

UDIN: 201214CA00194nMMm0